| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२२, सवारी दर्ता नं. : बा. प्र ०२ ०३९ प २२४६, सवारी मोडल : NTORQ, इन्जिन नं. : BG7EM2600158, च्यासिस नं. : MD626AG71M2E000655, सवारी साधनको किसिम : स्कुटर | |
| ४० | **नाम : सन्जिव लामिछाने**<br>ना.प्र.नं.४३३४५,<br>जारी मिति :२०६५/०८/१०<br>ठेगाना : चितवन, भरतपुर १०<br>बाबुको नाम : चुडा मणी लामिछाने<br>बाजेको नाम : धुर्वलाल लामिछाने | **१)नाम : राजकुमार श्रेष्ठ**<br>ना.प्र.नं.२७१०१९/३३६०१/७९३४,<br>जारी मिति : २०६५/१०/१७<br>ठेगाना : काठमाण्डौं, कपन, ०३<br>बाबुको नाम : धन बहादुर श्रेष्ठ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२२, सवारी दर्ता नं. : , सवारी मोडल : NTORQ, इन्जिन नं. : BG7HN2010715, च्यासिस नं. : MD626AG77N2H00315, सवारी साधनको किसिम : स्कुटर | |
| ४१ | **नाम : सुमन उप्रेती**<br>ना.प्र.नं.२२-०१-७३-००१९२, जारी मिति :२०४३/०१/१२<br>ठेगाना : दोलखा, पवटी ०५<br>बाबुको नाम : उदव भक्त उप्रेती | **१)नाम : शान्ता कुमारी श्रेष्ठ**<br>ना.प्र.नं.२४३०१८/६५७,<br>जारी मिति : २०६३/११/२२<br>ठेगाना : सिन्धुपाल्चोक, तौथली ०६<br>बाबुको नाम : मोतीलाल श्रेष्ठ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२२, सवारी दर्ता नं. : बा. प्र ०२ ०४३ प ५८००, सवारी मोडल : NTORQ, इन्जिन नं. : CK3AP2502514, च्यासिस नं. : MD626BK31P2A04174, सवारी साधनको किसिम : स्कुटर | |
| ४२ | **नाम : विक्रम प्याकुरेल**<br>ना.प्र.नं.२५-०१-७४-०३४१८, जारी मिति :२०७४/०४/३१<br>ठेगाना : नुवाकोट, लिखु, ०४<br>बाबुको नाम : केशव बहादुर प्याकुरेल | **१)नाम : सदुल गिरी**<br>ना.प्र.नं.२५-०१-६९-०८८४८,<br>जारी मिति : २०६९/१२/२६<br>ठेगाना : नुवाकोट, चौघडा ०८<br>बाबुको नाम : उदय गिरी |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४३ प ७११७, सवारी मोडल : NTORQ, इन्जिन नं. : BG7BN2701596, च्यासिस नं. : MD626AG70N2G01108, सवारी साधनको किसिम : स्कुटर | |
| ४३ | **नाम ,थर : बिर बहादुर तामाङ**<br>ठेगाना : काठमाण्डौं, शंखरापुर, ४<br>ना.प्र.न. ४५६५-१८८९२,<br>जारी मिति :२०५९/१२/०२<br>बाबुको नाम : अम्बर बहादुर तामाङ | **१)नाम ,थर : सुरेश तामाङ**<br>ठेगाना : काठमाण्डौं, शंखरापुर, ४<br>ना.प्र.न.२७-०२-७४-००८७१,<br>जारी मिति : २०७४-५-०२<br>बाबुको नाम : बिर बहादुर तामाङ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : TVS, सवारी दर्ता न. : बा प्र ०२ ०४५ प २९०१, सवारी मोडल :-NTORQ XP125, इन्जिनन. : AK3FP2209368, सवारी साधनको किसिम : स्कुटर, च्यासिस न :- MD626BK35P2F04709, बनेको साल : २०२३ | |
| ४४ | **नाम : लक्ष्मण महर्जन**<br>ना.प्र.नं.२७१०३१/२८७६३/३९९६२,<br>जारी मिति :२०६५/०७/०६<br>ठेगाना : काठमाण्डौं, मनमैजु ०५<br>बाबुको नाम : लक्ष्मी नारा महर्जन<br>बाजेको नाम : सूर्य नारायण महर्जन | **१)नाम : लक्ष्मी नारा महर्जन**<br>ना.प्र.नं.३४७७,<br>जारी मिति : २०४२/०६/२१<br>ठेगाना : काठमाण्डौं, मनमैजु ०५<br>बाबुको नाम : सूर्य नारायण महर्जन |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२४, सवारी दर्ता नं. : बा. प्र ०२ ०५० प ५३६०, सवारी मोडल : Raider, इन्जिन नं. : AF3ER1X00448, च्यासिस नं. : MD625AF37R1E00318, सवारी साधनको किसिम : मोटरसाइकल | |
| ४५ | **नाम : जिवन श्रेष्ठ**<br>ना.प्र.नं.२६३०४१/५२,<br>जारी मिति : २०६३/१०/२०<br>ठेगाना : धादिङ्ग आल्छी ०६<br>बाबुको नाम : पूर्ण बहादुर श्रेष्ठ<br>बाजेको नाम : हर्क बहादुर श्रेष्ठ | **१)नाम : धुर्व देवी डांगी**<br>ना.प्र.नं.३४७७,<br>जारी मिति : २०४२/०६/२१<br>ठेगाना : मोरङ्ग मधुमल्ला ६<br>बाबुको नाम : घक बहादुर डांगी |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२४, सवारी दर्ता नं. : बा. प्र ०२ ०५० प ९८०८, सवारी मोडल : NTORQ, इन्जिन नं. : AK3KP2X02418, च्यासिस नं. : MD626AK30P2K03028, सवारी साधनको किसिम : स्कुटर | |
| ४६ | **नाम : निशा लामा तामाङ**<br>ना.प्र.नं.४२२६,<br>जारी मिति : २०५७/०६/११<br>ठेगाना : काठमाण्डौं, काठमाण्डौं २९<br>बाबुको नाम : एमान सिंह तामाङ<br>बाजेको नाम : कालु सिंह तामाङ | **१)नाम : चिरिमाया तामाङ**<br>ना.प्र.नं.१०६१०/२६७०,<br>जारी मिति : २०४५/०२/२१<br>ठेगाना : कार्भे, कार्भे,<br>पतिको नाम : इमान सिंह तामाङ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२४, सवारी दर्ता नं. : बा. प्र ०२ ०५० प ०९२२, सवारी मोडल : NTORQ, इन्जिन नं. : AK3CR2202811, च्यासिस नं. : MD626BK36R2CO1215, सवारी साधनको किसिम : स्कुटर | |
| ४७ | **नाम : जयन कुमार मोक्तान**<br>ना.प्र.नं.२१३०४५-१४३१,<br>जारी मिति : २०६३/११/२६<br>ठेगाना : रामेछाप, लखनपुर ८<br>बाबुको नाम : चन्द्र कुमार तामाङ | **१)नाम : ईरमान तामाङ**<br>ना.प्र.नं.३५४३३/५६०,<br>जारी मिति : २०५०/०८/१३<br>ठेगाना : नुवाकोट, सिखरबेसी ०२<br>बाबुको नाम : सित्र तामाङ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२४, सवारी दर्ता नं. : बा. प्र ०२ ४४ प ५९३५, सवारी मोडल : NTORQ, इन्जिन नं. : AK3DP2210267, च्यासिस नं. : MD626AK38P2D23033, सवारी साधनको किसिम : स्कुटर | |
| ४८ | **नाम : सुमन लामा**<br>ना.प्र.नं.१९१०५१-१७७,<br>जारी मिति : २०६४/१२/०६<br>ठेगाना : सर्लाही, भक्तिपुर, ०८<br>बाबुको नाम : सिंह बहादुर योन्जन<br>बाजेको नाम : सुनविर योन्जन | **१)नाम : रुद्र प्रसाद शिवाकोटी**<br>ना.प्र.नं.२७७१,<br>जारी मिति : २०५७/०१/११<br>ठेगाना : रौतहट, जुडिवेला, ०३<br>बाबुको नाम : प्रेमराज शिवाकोटी |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२१, सवारी दर्ता नं. : बा. प्र ०२ ०३ ०१६ प ४५२३, सवारी मोडल : NTORQ, इन्जिन नं. : AG7DM2X000291, च्यासिस नं. : MD626AG70M2D01454, सवारी साधनको किसिम : स्कुटर | |
| ४९ | **नाम : सुवास चौलागाई**<br>ना.प्र.नं.२८-०१-७१-०६१३२,<br>जारी मिति : २०७१/१२/०२<br>ठेगाना : ललितपुर, महालक्ष्मी ०२<br>बाबुको नाम : साधुराम चौलागाई<br>बाजेको नाम : डिल्ली प्रसाद चौलागाई | **१)नाम : शान्ता चौलागाई**<br>ना.प्र.नं.२८३०२४/२३२,<br>जारी मिति : २०६३/०१/२५<br>ठेगाना : ललितपुर, महालक्ष्मी ०२<br>बाबुको नाम : खडानन्द सापकोटा |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२१, सवारी दर्ता नं. : बा. प्र ०२ ०३६ प ८४९९, सवारी मोडल : NTORQ, इन्जिन नं. : AG7AN2801314, च्यासिस नं. : MD626AG76N2A02567, सवारी साधनको किसिम : स्कुटर | |
| ५० | **नाम : कुमार भुजेल**<br>ना.प्र.नं.२०३१७,<br>जारी मिति : २०६६/०९/१२<br>ठेगाना : सिन्धुपाल्चोक, वाडेगाउँ, ०३<br>बाबुको नाम : रोहिणी बहादुर भुजेल | **१)नाम : दिपेन्द्र कार्की**<br>ना.प्र.नं.२७१००४/६०९३६/४८२८३,<br>जारी मिति : २०६७/०४/१८<br>ठेगाना : काठमाण्डौं, बज्रयोगिनी ९<br>बाबुको नाम : कृष्ण शरण कार्की |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४४ प ९११९, सवारी मोडल : RTR 200 ABS FI, इन्जिन नं. : DT1CP170080T, च्यासिस नं. : MD637ET16P2C01146, सवारी साधनको किसिम : मो.सा | |
| ५१ | **नाम : विवेक घिमिरे**<br>ना.प्र.नं.३७-०२-७०-०७८४५,<br>जारी मिति :२०७०/११/२८<br>ठेगाना : रुपन्देही, बुटवल ४<br>बाबुको नाम : रामचन्द्र घिमिरे | **१)नाम : रामचन्द्र घिमिरे**<br>ना.प्र.नं.२७२७<br>जारी मिति : २०४४/०३/३<br>ठेगाना : गुल्मी १<br>बाबुको नाम : घनश्याम घिमिरे<br>**२) नाम : कल्पना घिमिरे**<br>ना.प्र.नं.१२०२९<br>जारी मिति : २०५७/१०/२६<br>ठेगाना : रुपन्देही, बुटवल ६<br>बाबुको नाम : भविश्वर खनाल |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४८ प ५०२९, सवारी मोडल : Raider, इन्जिन नं. : AF3DN1300867, च्यासिस नं. : MD625AF35N1E00022, सवारी साधनको किसिम : मो.सा | |
| ५२ | **नाम : रोहित तामाङ**<br>ना.प्र.नं.२७१०३५/१०५२२०,<br>जारी मिति :२०६९/०८/२८<br>ठेगाना : काठमाण्डौं, तारकेश्वर ५<br>बाबुको नाम : बिर बहादुर तामाङ<br>बाजेको नाम : शोम बहादुर तामाङ | **१)नाम : रत्न देवी तामाङ**<br>ना.प्र.नं.३२१७-५२२४<br>जारी मिति : २०४८/०६/२५<br>ठेगाना : काठमाण्डौं, तारकेश्वर ५<br>बाबुको नाम : कान्छा भाइ डंगोल |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४६ प १६९२, सवारी मोडल : NTORQ, इन्जिन नं. : AK3GP2503584, च्यासिस नं. : MD626BK31P2G02507, सवारी साधनको किसिम : स्कुटर | |
| ५३ | **नाम : राज लामा**<br>ना.प्र.नं.२७-०२-७६-००७३९,<br>जारी मिति :२०७६/०५/२६<br>ठेगाना : काठमाण्डौं, गोकर्णेश्वर २<br>बाबुको नाम : बिर बहादुर लामा<br>बाजेको नाम : माहिला लामा | **१)नाम : बिर बहादुर लामा**<br>ना.प्र.नं.३७३४२<br>जारी मिति : २०६३/०४/१९<br>ठेगाना : काठमाण्डौं, नयापाटी ४<br>बाबुको नाम : माहिला लामा<br>**२) नाम : बिजय लामा**<br>ना.प्र.नं.११-०१-६९-०१२९६ जारी मिति : २०६९/०७/२<br>ठेगाना : शोलुखुम्बु सल्लेरी २<br>बाबुको नाम : फुर्वा ल्हमु तामाङ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४८ प ३७३०, सवारी मोडल : RONIN 225, इन्जिन नं. : AN1AR26A0515, च्यासिस नं. : MD637AN18R2AA1891, सवारी साधनको किसिम : मो.सा | |
| ५४ | **नाम : बिप्लब खरेल**<br>ना.प्र.नं.३०१०४९/१८२४५०,<br>जारी मिति :२०६६/०४/१४<br>ठेगाना : काभ्रेपलाञ्चोक, भुम्लु ५<br>बाबुको नाम : शिशिर राज खरेल | **१)नाम : श्याम बाबु लामा**<br>ना.प्र.नं.३०-०१-०६८-२६६१६<br>जारी मिति : २०६८/०९/<br>ठेगाना : काभ्रेपलाञ्चोक, मण्डनदेउपुर १०<br>बाबुको नाम : धन बहादुर तामाङ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४७ प ००३३, सवारी मोडल : NTORQ, इन्जिन नं. : BG7HP2202583, च्यासिस नं. : MD626AG7XP2H02515, सवारी साधनको किसिम : स्कुटर | |
| ५५ | **नाम : कृष्ण कुमारी थिङ**<br>ना.प्र.नं.२८-०१-०६९-०३०६६,<br>जारी मिति :२०६९/०४/३०<br>ठेगाना : ललितपुर,<br>बाबुको नाम : नेत्र बहादुर थिङ | **१)नाम : विष्णु ढकाल**<br>ना.प्र.नं.२८०४-३१६२०<br>जारी मिति : २०४१/०४/२९<br>ठेगाना : काठमाण्डौं, काठमाण्डौं २<br>बाबुको नाम : ईश्वरी प्रसाद ढकाल<br>बाजेको नाम : हिरा दत्त ढकाल |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४६ प ६०७८, सवारी मोडल : NTORQ, इन्जिन नं. : BG7GP2101134, च्यासिस नं. : MD626AG73P2H00556, सवारी साधनको किसिम : स्कुटर | |
| ५६ | **नाम : सृजना महर्जन**<br>ना.प्र.नं.२९१०६०-१२८००,<br>जारी मिति :२०६४/०९/३<br>ठेगाना : काठमाण्डौं, काठमाण्डौं २६<br>बाबुको नाम : धर्म महर्जन<br>बाजेको नाम : कुलमान सिंह | **१)नाम : अर्जुन श्रेष्ठ**<br>ना.प्र.नं.२७१०६०-१२२०१<br>जारी मिति : २०६४/०८/१४<br>ठेगाना : काठमाण्डौं, काठमाण्डौं १६<br>बाबुको नाम : लक्ष्मण श्रेष्ठ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : बा. प्र ०२ ०४६ प ६५९९, सवारी मोडल : NTORQ, इन्जिन नं. : AK3HP2504126, च्यासिस नं. : MD626AK32P2504126, सवारी साधनको किसिम : स्कुटर | |
| ५७ | **नाम ,थर : दिपक रायमाझी**<br>ठेगाना : मकवानपुर, राईगाउ, ०५<br>ना.प्र.न. ४५-३०११२,<br>जारी मिति : २०६५/९/६<br>बाबुको नाम : रन ब. रायमाझी<br>बाजेको नाम : चतुर मान रायमाझी | **१)नाम ,थर : बिना माझी**<br>ठेगाना : मकवानपुर,बाग्मती,२<br>ना.प्र.न.३१-०१-७३-१४९९१,<br>जारी मिति : २०७३-१२-२७<br>बाबुको नाम : बेचु लाल माझी<br>बाजेको नाम : बादी माझी |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : TVS, सवारी दर्ता न. : मधेश प्र ३ ०२८ प १२७१, सवारी मोडल :-RAIDER 125, इन्जिनन. : AF3AN1000368, सवारी साधनको किसिम :- मो.सा, च्यासिस न :- MD625AF3XN1K01139, बनेको साल : २०२३ | |
| ५८ | **नाम ,थर : बिबस महत्तो**<br>ठेगाना : नवलपरासी, कावासोती, १५<br>ना.प्र.न. ६६-०२-७५-०७५९९,<br>जारी मिति :२०७५/११/१<br>बाबुको नाम : खर्ग नारायण थारु | **१)नाम ,थर : बिष्णु महत्तो**<br>ठेगाना : नवलपरासी, कावासोती, १५<br>ना.प्र.न.७७-०१-७७-०५४२४, जारी मिति :२०७७-१०-२७<br>बाबुको नाम : खर्ग नारायण महत्तो |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : TVS, सवारी दर्ता न. : ग. प्र ०४ -००१ प ५०१८ , सवारी मोडल :-APACHE RTR 200 4V ABS, इन्जिनन. : BR1BM2X00404, सवारी साधनको किसिम :- मो.सा, च्यासिस न :- MD637CR16M2B00390, बनेको साल | |
| ५९ | **नाम ,थर : बिनायक बज्राचार्य**<br>ठेगाना : मोरङ्ग, बिराटनगर, १४<br>ना.प्र.न. ८६५२५,<br>जारी मिति :२०६२/०७/०८<br>बाबुको नाम : तेज मुनी बज्राचार्य | **१)नाम ,थर : मनिष बज्राचार्य**<br>ठेगाना : मोरङ्ग, बिराटनगर, १४<br>ना.प्र.न.६४७७०,<br>जारी मिति : २०५८-११-१<br>बाबुको नाम : तेज मुनी बज्राचार्य |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : TVS , सवारी दर्ता न. : प्र १ ०२ ०५३ प ३४४७ , सवारी मोडल :-NTORQ 125, इन्जिनन. : AK3FP2410318, सवारी साधनको किसिम :- स्कुटर, च्यासिस न :- MD626AK3XP2F15053, बनेको साल : २०२३ | |
| ६० | **नाम ,थर : मनोज श्रेष्ठ**<br>ठेगाना : भक्तपुर, सूर्यविनायक, ४<br>ना.प्र.न. ४३१०४५/१०९०९४,<br>जारी मिति :२०६५/७/०१<br>बाबुको नाम : मोति प्रसाद श्रेष्ठ | **१)नाम ,थर : मोति प्रसाद श्रेष्ठ**<br>ठेगाना : भक्तपुर, सूर्यविनायक, ४<br>ना.प्र.न.१३६९,<br>जारी मिति : २०४५-०१-२८<br>बाबुको नाम : जीत प्रसाद श्रेष्ठ |
| | **धितो सुरक्षणको विवरण** | |
| | सवारी साधनको नाम : TVS,सवारी दर्ता न. : बा प्र ०२०४८प४५८८, सवारी मोडल :-Ronin, इन्जिनन. : AN1AR2000284, सवारी साधनको किसिम :- मो.सा, च्यासिस न : MD637AN18R2A00504, बनेको साल : २०२४ | |



ललितपुरको जाउलाखेल फुटबल ग्राउण्डमा आइतवार राखिएको बजारमा मानिसको चहलपहल ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

## वार्षिकोत्सवको अवसरमा नेको इन्सुरेन्सको स्वास्थ्य परीक्षण



काठमाडौं (अस) । नेको इन्सुरेन्स लिमिटेडले सेवा सञ्चालनको २९ वर्ष पूरा गरेको अवसरमा स्वास्थ्य परीक्षण तथा रक्तदान कार्यक्रम गरेको छ । कम्पनीले विगतका वर्षदेखि नै आफ्नो सेवा प्रवाहका क्षेत्रमा निरन्तर वृद्धि गर्दै बीमाशुल्क, दाबी भुक्तानी, रोजगारीको अवसर, नेपाल सरकारलाई कर भुक्तानी लगायतका सूचकांकमा उल्लेखनीय वृद्धि गर्दै आएको बताएको छ । सोही अवसरमा शाखा कार्यालयमा विभिन्न सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले व्यवसायको साथसाथै समाज सेवाको लागि विभिन्न सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम पनि गर्दै आएको छ ।

## पर्यटक सवारीसाधनलाई निर्बाध सञ्चालन गर्ने वातावरण बनाउन आग्रह

गण्डकी । पोखरा पर्यटन परिषद्ले पर्यटक सवारी साधनलाई निर्बाध रूपमा सञ्चालन गराउन सम्बद्ध सबै पक्षसँग आग्रह गरेको छ । परिषद्का अध्यक्ष तारानाथ पहारीले आइतवार विज्ञप्ति जारी गर्दै पर्यटन राजधानी पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारी साधनको सञ्चालनका क्रममा भएको अवरोधहरूप्रति ध्यानाकर्षण गराउँदै बन्द हड्तालमा पनि पर्यटक सवारीसाधनलाई निर्बाध रूपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न सार्वजनिक यातायात बचाउ सङ्घर्ष समिति र सबै पक्षसँग आग्रह गरेका हुन् ।

यस्ता अवरोधले गण्डकी प्रदेशको समग्र पर्यटन व्यवसायमा असर पार्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकमा नकारात्मक सन्देश प्रवाह हुने खतरा बढ्ने भन्दै विज्ञप्तिमा पर्यटन क्षेत्र नेपालको समृद्धिको मुख्य आधारमध्ये एक भएको र यसलाई व्यवस्थित एवं सुरक्षित बनाउनु सरोकारवालाको साझा दायित्व भएको भनिएको छ ।

बन्द नै समाधान नभएको भन्दै परिषद्ले सबै सरोकारवाला निकाय प्रति गम्भीर ध्यानाकर्षण सहित शान्तिपूर्ण, व्यवस्थित र पर्यटकमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ । *रासस*

## एनआईसी एशिया लघुवित्तको बजेट तर्जुमा कार्यक्रम सम्पन्न

काठमाडौं (अस) । एनआईसी एशिया लघुवित्तले आर्थिक वर्ष (आव) २०८२/८३ को बजेट तर्जुमा तथा शाखा प्रमुख तालीम कार्यक्रम सम्पन्न गरेको छ । कोशी, मधेश, बागमती र गण्डकी गरी ४ प्रदेशलाई समेटेर गरिएको कार्यक्रम जेठ १३ देखि १६ गतेसम्म बर्दिबास महोत्तरीमा सञ्चालन भएको हो । कार्यक्रममा कर्पोरेट कार्यालय, प्रदेश कार्यालय, शाखा कार्यालय समेतका १६९ जना कर्मचारीको सहभागिता थियो ।

कार्यक्रममा संस्थाका स्वतन्त्र सञ्चालक बलराम पौडेल, प्रमुख कार्यकारी अधिकृत चोलराज शर्मा जोशी, नायब प्रमुख कार्यकारी अधिकृत मेश बहादुर बस्नेत, सहायक प्रमुख कार्यकारी अधिकृत गणेश घिमिरे लगायतले चालू आवको समीक्षा गर्दै आगामी आवमा संस्थाले गर्ने कामका सन्दर्भमा आ-आफ्नो धारणा प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा कर्मचारीको वृत्ति विकास, शाखा सञ्चालन, राष्ट्र बैंकबाट जारी निर्देशन तथा सोको कार्यान्वयन, आगामी आवका लक्ष्य तथा बजेट लगायतका विषयमा छलफल भएको थियो । साथै सूर्य ज्योति लाइफ इन्स्योरेन्स कम्पनीका कर्पोरेट सेल्स विभागका कर्मचारीद्वय सरु घिमिरे र विकेश बज्राचार्यले बीमा दाबीसम्बन्धी जानकारी प्रदान गरेका थिए ।

## एक सातासम्म मनसुन निष्क्रिय बन्दै

काठमाडौं । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान माहाशाखाले सरदर मितिभन्दा १५ दिन छिटो नेपाल प्रवेश गरेको मनसुन अब भने साता दिनसम्म निष्क्रिय रहने जनाएको छ । बिहीवार राति नेपालको पूर्वबाट प्रवेश गरी कोशी प्रदेशका अधिकांश भू-भागमा विस्तार भएको मनसुन एक सातासम्म निष्क्रिय बन्दा वर्षा कम हुने र गर्मी बढ्न सक्ने सम्भावना रहेको माहाशाखाको अनुमान छ ।

महाशाखाका मौसमविद् हरिप्रसाद दाहालले सोमवारदेखि कोशी प्रदेशमा फैलिएको मनसुन केही दिनका लागि निष्क्रिय हुँदा वर्षा कम हुने अनुमान रहेको बताए । 'नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि मे २९ मै नेपालको पूर्वी क्षेत्रबाट मनुसुन भित्रिएको हो, बाँकी भू-भागमा मनसुन भित्रिन बाँकी छ । अब साता दिनसम्म मनसुन निष्क्रिय हुने देखिएको छ,' उनले भने, 'मनसुन भित्रिएकै दिन पूर्वी क्षेत्रमा भएको भारी वर्षाका कारण असर पनि पुऱ्याएको छ ।'

विभागका बाढीविद् विनोद पराजुलीले पूर्वी क्षेत्रमा मनसुन भित्रिएकै दिन २०० मिलिमिटरभन्दा बढी पानी परेको जानकारी दिए । वर्षाका कारण नदीमा पानीको सतह बढ्दा बाढी आएकाले केही क्षेत्र डुबानमा परेको उनको भनाइ छ । 'विभागले मनसुनमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको छ । जसमा चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना देखिएको छ,' उनले भने ।

कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको महाशाखाको भनाइ छ ।

पराजुलीका अनुसार विभागले जल तथा मौसम पूर्वानुमान, सतर्कता तथा चेतावनीसम्बन्धी पूर्वसूचनालाई थप व्यवस्थित, प्रभावकारी र समयमै सूचना सम्प्रेषण गर्ने उद्देश्यले मनसुन अवधिभर आमसञ्चार माध्यम तथा सरोकारवालालाई प्रत्यक्ष जानकारी गराउन शुरू गरेको छ ।

'विभागले कार्यालयमै हरेक दिन बिहान ११ बजे 'ब्रिफिङ' शुरू गरेको छ, ब्रिफिङमा मुलुकभरको जल तथा मौसमसम्वन्धी सूचना, पूर्वानुमान तथा चेतावनीबारे जानकारी गराउँदै आइएको छ,' उनले भने, 'सबै आमसञ्चारका माध्यम, सरकारी तथा निजी सरोकारवाला निकाय, गैरसरकारी संस्था, उद्धार तथा राहतमा संलग्न निकायलाई विभागसँग प्रत्यक्ष संवाद गर्न र जल तथा मौसमजन्य सूचना प्रवाहमा सहजीकरण गरिएको छ ।' विभागले मौसमसम्बन्धी सूचनाका लागि ११५५ र बाढीसम्बन्धी सूचनाका लागि ११५५ टोलफ्री नम्बरमार्फत २४सै घण्टा सेवा दिँदै आएको छ । *रासस*

## महाकाली सिँचाइ तेस्रो चरण तीन वर्षभित्र सक्ने लक्ष्य



**बजेट अभावकै कारण आयोजनाको लागत बढ्दै गएपछि सरकारले आयोजनालाई प्राथमिकतामा राखेर आगामी तीन वर्षभित्र सक्ने लक्ष्य लिएको हो ।**

कञ्चनपुर । राष्ट्रिय गौरवको आयोजना महाकाली सिँचाइ तेस्रो चरणको काम तीन वर्षभित्र पूरा गरिने भएको छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत तीन वर्षभित्र पूरा गर्ने लक्ष्य लिएको हो । आर्थिक वर्ष २०६३/६४ मा यो आयोजना शुरू भएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निर्माण कार्यले गति लिएको थियो । बजेट अभावकै कारण आयोजनाको लागत बढ्दै गएपछि सरकारले आयोजनालाई प्राथमिकतामा राखेर आगामी तीन वर्षभित्र सक्ने लक्ष्य लिएको हो ।

आयोजना प्रमुख योगेन्द्र मिश्रले आयोजनाको हालसम्मको प्रगति २६ प्रतिशत मात्रै रहेको जानकारी दिए । 'बजेट अभाव, मुआब्जा वितरण र वनको समस्याका कारण आयोजनाको कामले गति लिन सकेको थिएन,' उनले भने, 'आव २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि सरकारको प्राथमिकतामा परेको हो ।' २०८७ सालसम्म कैलालीको मालाखेतीसम्मको नहर निर्माण गरिसक्ने लक्ष्य रहेको उनले सुनाए ।

टनकपुरदेखि कैलालीको गोदावरीसम्म ४८ किलोमिटर मूल नहर निर्माण गर्नुपर्ने भए पनि २८ किलोमिटर मूल नहर निर्माण मात्रै सम्पन्न भएको छ । बाँकी २० किलोमिटर नहर निर्माण भइरहेको छ ।

लक्ष्यअनुसार मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । आयोजनाका अनुसार हालसम्म ९ अर्ब बजेट खर्च भइसकेको छ । चालू आवमा आयोजनाका लागि करीब २ अर्ब बजेट विनियोजन भएको थियो ।

नेपालतर्फ पाँच हजार हेक्टरमा सिँचाइ गर्ने संरचना तयार भए पनि भारतीय पक्षले मूल नहरमा पानी नछाड्दा समस्या भएको आयोजनाले जनाएको छ । 'हामीले पटक-पटक छलफल गरेका छौं, भारतीय पक्षले दिल्लीको आदेशविना पानी छाड्न सकिँदैन भनेको छ,' आयोजना प्रमुख मिश्रले भने, 'भारतीय पक्षले टनरपुरबाट पानी छाडे ब्रह्मदेव क्षेत्रका किसानलाई सिँचाइ सुविधा उपलब्ध हुन्छ ।' आयोजनाबाट कञ्चनपुरको ९० प्रतिशत खेतीयोग्य जमीनमा सिँचाइ सुविधा पुग्ने उनले बताए ।

कृषि ज्ञान केन्द्रका अनुसार कञ्चनपुरमा कुल खेतीयोग्य जमीन एक लाख ६१ हजार ७४१ हेक्टर रहेको छ । त्यसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमीनमा खेती हुने गरेको छ । यसको २९ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ ।

२०४२ सालमा शुरू भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट ६ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिका तथा बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ । *रासस*

## जिल्लाको सीमा विवाद समाधान गर्न कार्यदल गठन

सोलुखुम्बु । सोलुखुम्बु र ओखलढुङ्गा जिल्लाबीचको सिमाना विवाद समाधान गर्न कार्यदल गठन भएको छ । कार्यदललाई १५ दिनभित्र प्रतिवेदन प्रस्तुत गर्ने कार्यादेश छ । जिल्ला प्रशासन कार्यालयमा आइतवार सम्पन्न दुवै जिल्लाका सुरक्षा समितिको संयुक्त बैठकले सीमा विवाद समाधानका लागि ओखलढुङ्गाका सहायक प्रमुख जिल्ला अधिकारी गोमा देवी पौडेलको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरेको हो ।

समितिका सदस्यहरूमा ओखलढुङ्गाका मालपोत अधिकृत निरकुमार ढुङ्गाना, नापी अधिकृत सविन विके, सोलुखुम्बुका नापी अधिकृत प्रमोद गुरागाइँ र मालपोत अधिकृत विदेश खनाल सदस्य रहेका छन् । ओखलढुङ्गाको खिजिदेम्बा गाउँपालिका-९ र सोलुखुम्बुको सिमानामा पर्ने तोलुगुम्बा बुलबुले क्षेत्रमा लामो समयदेखि विवाद छ । २०४३ सालमा यो क्षेत्र ओखलढुङ्गामा पर्ने भनिए पनि सोलुखुम्बुसँग विवाद छ । बैठकमा सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरे, ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीसहित दुवै जिल्लाका सुरक्षा समितिका सदस्यहरूको उपस्थिति थियो । *रासस*

## सामुदायिक वन व्यवस्थापनको पहल गर्दै स्थानीय सरकार

राँझा (बाँके) । बाँकेमा सबैभन्दा बढी वनक्षेत्र रहेको राप्तीसोनारी गाउँपालिकाले सामुदायिक वन व्यवस्थापनका लागि सरोकार भएकासँग छलफल गरेको छ । सामुदायिक वन ऐनलाई कार्यान्वयन गर्ने उद्देश्यले पहिलो चरणमा कार्यविधिको मस्यौदामाथि गाउँपालिकामा सरोकार भएका निकायबीच छलफल गरिएको राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्त पौडेलले जानकारी दिए । 'वन व्यवस्थापनका लागि गाउँपालिकाले ऐन ल्याइसकेको छ, त्यसको कार्यान्वयनका लागि कार्यविधि बनाउन लागिएको हो,' उनले भने, 'गाउँपालिकाभित्र रहेका वनक्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा टेवा पुऱ्याउन वन ऐनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।'

कार्यविधिमा वन संरक्षणको विषयका साथै वन र वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण र राहतको विषयलाई छलफलबाट निष्कर्ष निकालिने अध्यक्ष पौडेलले उल्लेख गरे ।

प्रारम्भिक मस्यौदामाथि सरोकार भएकाबाट महत्त्वपूर्ण सुझाव प्राप्त भएको सहजकर्ता रामबहादुर भण्डारीले बताए । स्थानीय जनप्रतिनिधि, वनसँग सम्बद्ध राख्ने निकायका प्रतिनिधिले महत्त्वपूर्ण सुझाव दिएसँगै मस्यौदालाई अन्तिम रूप दिँदा ती सुझाव थपिने उनले उल्लेख गरे । 'वन व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको 'सामुदायिक वन व्यवस्थापन कार्यविधि' निर्माणका लागि महत्त्वपूर्ण सुझाव प्राप्त भएका छन्,' उनले भने, 'प्राप्त सुझावलाई समेटेर गाउँपालिकाबासीको हित हुनेगरी कार्यविधिलाई अन्तिम रूप दिइनेछ ।' कार्यविधि बनाउँदा कम्तीमा उपभोक्ताको हितलाई ध्यान दिने उद्देश्यले सरोकार भएकाको सुझाव लिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दानबहादुर ऐडीले जानकारी दिए । *रासस*

## भक्तपुर अस्पताल देशभरकै उत्कृष्ट

भक्तपुर । एक सय २१ वर्ष पुरानो भक्तपुर अस्पताल देशभरकै उत्कृष्ट घोषणा गरिएको छ । भक्तपुर अस्पतालमा आयोजना गरिएको अस्पताल व्यवस्थापन सुदृढीकरणअन्तर्गत न्यूनतम सेवा मापदण्ड (एमएमएस) मूल्यांकन सार्वजनिक कार्यक्रममा देशभरका अस्पतालमध्ये भक्तपुर अस्पताल १०० पूर्णाकमा ९० अंक प्राप्त गर्दै सर्वोत्कृष्ट अर्थात् पहिलो भएको घोषणा गरिएको हो ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुर अस्पताल लगातार चौथो पटक प्रथम हुन सफल भएको उल्लेख गर्दै अस्पतालको गुणस्तरमा कुनै कमि आउन नदिन कर्मचारीले इमानदार भएर काम गर्नुपर्ने बताए । अस्पतालमा न्यूरो सेवा सञ्चालन गर्न मन्त्रालयले रू. एक करोड विनियोजन गरिएको छ । एक महीनाभित्र सो अस्पतालमा डायलासिस सेवा सञ्चालन गर्ने तथा अस्पतालको पुरानो भवन निर्माणका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरिने उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य सचिव डा. सुमित्रा गौतमले एक सय २१ वर्षको एउटा इतिहास बोकेको देशकै दोस्रो अस्पताल पहिलो हुन सफल भएको उल्लेख गर्दै कर्मचारीको लगनशीलता, व्यवस्थापन समितिको सहयोग र गलत तत्वको प्रभावबाट अस्पताललाई जोगाउन सके सबै अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्न सक्ने बताइन् । संघीय सरकारले स्वास्थ्य संस्थाको गुणस्तर मापन गर्न बने को न्यूनतम सेवा मापदण्ड (एमएमएस) मूल्यांकन टिमका संयोजक एवं वीर अस्पताल नर्सिङ कलेजका प्रमुख एवं उपप्राध्यापक रोशनी तुइतुईले देशभरका सकेण्डरी 'बी' लेभलको अर्थात् देशभरका तीन सय शय्यामा सञ्चालित अस्पतालको मूल्यांकन टोलीले गुणस्तर मापन गर्दा भक्तपुर अस्पताल देशभरमा प्रथम भएको घोषणा बताइन् । *रासस*

## कोशी राजमार्गको भोटखोला खण्डमा बाढीले जलविद्युत् आयोजना र सडक बगायो

खाँदबारी । शनिवार रातिदेखि परेको अविरल वर्षाका कारण कोशी राजमार्गअन्तर्गत संखुवासभाको भोटखोला गाउँपालिका-३ स्थित हटिया र हुङ्गुङ क्षेत्रमा ठूलो क्षति पुगेको छ । बाढीले करीब ५० मिटर कच्ची सडक बगाउनुका साथै लघु जलविद्युत् आयोजना र अन्य संरचनामा समेत क्षति पुऱ्याएको छ ।

भोटखोला गाउँपालिकाका अध्यक्ष वाङ्छेदर भोटेका अनुसार १७ किलोवाट क्षमताको क्षुक्सुम लघुजलविद्युत् आयोजना पूर्ण रूपमा बगाएको छ । उक्त आयोजनामार्फत १६० घरधुरीलाई विद्युत् आपूर्ति हुँदै आएको थियो । यस्तै, १२० किलोवाट क्षमताको हुङ्गुङ जलविद्युत् आयोजनाको मुहानसमेत बाढीले बगाएको छ, जसबाट २५० घरधुरी लाभान्वित थिए । बाढीले काठेपुल लगायतका अन्य भौतिक संरचनामा समेत क्षति पुऱ्याएको जनाइएको छ । हाल घटनास्थलमा प्रहरी, प्राविधिक टोली र जनप्रतिनिधिहरू पुगिसकेका छन् । अध्यक्ष भोटेका अनुसार क्षतिग्रस्त सडक तथा विद्युत् संरचनाको तत्काल मर्मतका लागि प्रक्रियाअघि बढाइएको छ । *रासस*

## भक्तपुर–नगरकोट सडक स्तरोन्नति

**नगरकोट भ्रमण वर्ष-२०८२ लाई लक्षित गर्दै नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी भक्तपुर-नगरकोट सडक स्तरोन्नति कार्य शुरू गरेको हो ।**



भक्तपुर । भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट जाने मुख्य मार्गका रूपमा रहेको भक्तपुर-नगरकोट सडक चाँगुनारायण नगरपालिकाले पुनर्निर्माण एवं स्तरोन्नति शुरू गरेको छ । नगरकोट भ्रमण वर्ष-२०८२ लाई लक्षित गर्दै नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नेगरी भक्तपुर-नगरकोट सडक स्तरोन्नति कार्य शुरू गरेको हो ।

नगरपालिकाले सडक निर्माणका लागि भक्तपुर नगरकोटसम्मको १५ किलोमिटर सडकखण्ड स्तरोन्नति आफ्नै आन्तरिक स्रोतबाट गर्नेगरी बोलपत्र आह्वान गर्दै १७ करोडमा ठेक्का सम्झौता गरी स्तरोन्नति एवं पुनर्निर्माण शुरू गरेको हो ।

एक्जिम बैंक इन्डियाको ऋण सहयोगमा नेपाल सरकारसँग २०७३ असार ३ गतेसम्म सम्पन्न गर्नेगरी २०७१ जेठ २२ गते शैलुङ कन्स्ट्रक्सन र भारतीय कम्पनी अराभली इन्फ्रापावर लिमिटेडले संयुक्त निर्माण गर्नेगरी रू. २७ करोडमा ठेक्का सम्झौता गरेको थियो ।

सम्झौता गरेको ११ वर्षमा १०औं पटक म्याद थप गरेर लागत बढाउँदै रू. ३१ करोड पुऱ्याउँदा पनि विभिन्न बहाना गर्दै सडक निर्माण सम्पन्न नगरेपछि गत पुस अन्तिम साता सडक सुधार तथा विकास परियोजना निर्देशनालयले उक्त सडकको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरेको थियो ।

नगरप्रमुख खत्रीले भने, 'चाँगुनारायण नगरपालिकाले आयोजना गर्ने नगरकोट भ्रमण वर्ष नगरकोटको मात्र नभई सिंगो देशको महोत्सव हो, यहीँ सडकका कारण महोत्सवमा समस्या आउन दिनु हुँदैन । मैले जनतासँग प्रतिबद्धता गरेको छु, त्यो प्रतिबद्धता पूरा गर्दै भ्रमण वर्ष सफल पार्न नगरपालिकाले नै सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता गरी अब आसप्लान्ट पिच (कालोपत्र) गर्न बेस बिछ्याउने काम शुरू गरेका छौं ।'

सरकारले लगाएको ठेक्का ११ वर्षसम्म पूरा नभएर सडक अलपत्र पारेको पीडा जनताले धेरै भेगकाले यो सडकलाई पूरा गर्न भक्तपुर-नगरकोट सडकको स्तरोन्नति आवश्यक रहेको उनले बताए । संघीय सरकारले यो सडक पुनः स्तरोन्नति गर्न यस वर्ष बजेट नभएको र प्रक्रियामा जाँदा प्रक्रिया पूरा गर्नै लामो समय लाग्ने मन्त्रालयले जनाएपछि नगरपालिका आफैले कालोपत्र गर्न लागेको नगरप्रमुख खत्रीले बताए ।

उनले भने, 'सम्बन्धित मन्त्रालयसँग र सडक विभागसँग छलफल गरेरै काम थालनी गरेका हौं । नगरकोट आउने पर्यटकलाई सहज हुनेगरी खाल्डो पुर्ने र सडकको स्तरोन्नति गरेर कालोपत्र गर्छौं । सडकको पेटी बनाउने, ड्रेन बनाउने र बाँकी अन्य काम केन्द्रीय सरकारले गर्नेगरी छलफल भएको छ । त्यसैले कालोपत्रका लागि ठेक्का सम्झौता गरेका हौं ।'

शैलुङ कन्स्ट्रक्सनले अलपत्र छाडेको सडकमा नगरपालिकाले नगरकोटबाट सडकको लेबल मिलाएर गाइब्रेल हाल्दै बेस मिलाउने काम शुरू भइसकेको र त्यसमाथि आसप्लान्ट कालोपत्र गरिने बताए । उनले एक महीनाभित्र सडकका सबै निर्माण सम्पन्न गरिने बताए ।

त्यसैगरी बागमती प्रदेश सरकारको रू. ५९ करोडको लागतमा भक्तपुर नगरपालिकाको डेकाचादेखि चाँगुनारायण हुँदै काठमाडौंको साँखु नौ किलोमिटर सडक कालोपत्र शुरू भएको छ । *रासस*

स्वतन्त्रता आर्थिक बचतको सहउत्पादन हो ।
**- एन्यूरिन बेवान**

सम्पादकीय

# स्थिर लगानी घट्नुको अर्थ

**सरकारले निजीक्षेत्रलाई अर्थतन्त्रको मेरूदण्ड भने पनि केही वर्षयता कुल स्थिर लगानीमा निजीक्षेत्रको अंश घट्दो देखिएको छ । आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख भएअनुसार १० वर्षअघि निजीक्षेत्रको औसत स्थिर लगानी ७० प्रतिशत रहेकोमा यो वर्ष ६० दशमलव ९ प्रतिशत हुने अनुमान गरिएको छ । यसरी निजीक्षेत्रको लगानी अंश घट्नुले मुलुकमा लगानीको वातावरण बन्न नसकेको र निजीक्षेत्रले सरकारी प्रतिबद्धतालाई नपत्याएको देखिन्छ । स्थिर लगानी भन्नाले जग्गा, मेशिन, उपकरण तथा बौद्धिक सम्पत्ति आदिमा हुने लगानी हो, जसले पूँजी निर्माणमा सहयोग गर्छ ।**

**मुलुकमा औद्योगिक क्षेत्रमा लगानी बढेको भए माथिका क्षेत्रमा लगानी बढ्थ्यो । तर, उत्पादनमूलक क्षेत्रमा लगानी उल्लेख्य मात्रामा बढ्न सकेको छैन । औद्योगिक व्यावसायिक घरानाहरू उद्योग खोल्नभन्दा व्यापारमा लगानी गर्न बढी सक्रिय देखिएका छन् । मुलुकमा आयात बढ्दै जानु र व्यापारघाटाको अंश बढ्दै जानुले पनि यही संकेत गर्छ । आयात गरिएका वस्तुमा औद्योगिक कच्चा पदार्थको परिमाण कम छ भने उपभोग्य वस्तुको अंश बढी छ । त्यतिमात्र होइन, कतिपय उत्पादनमूलक उद्योगहरू बन्द भएका समेत पाइन्छन् । साबुन, बिस्कुट, दन्तमञ्जनजस्ता वस्तु उत्पादन गर्ने नेपाली कम्पनीले विदेशी कम्पनीसँग प्रतिस्पर्धा गर्न नसक्दा कतिपय उद्योग बन्द भएका छन् । त्यसैले स्थिर लगानीको अंश कम भएको हो ।**

**सरकारले कर्जा प्रवाहको अनुपातमा पूँजी निर्माण हुन नसकेको देखिएपछि बैंकहरूले गर्ने कर्जा लगानीमा केही कडाइ गर्न थालेको हो । नेपाल राष्ट्र बैंकले उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिएको छ । खासगरी घरजग्गामा लगानी बढेकाले अर्थतन्त्रमा विभिन्न समस्या देखिएको भन्दै त्यसलाई निरुत्साहित गर्ने नीति लिएको देखिन्छ । त्यही भएर बैंकहरूमा अहिले कर्जाको माग घटेको छ र तरलता थुप्रिइरहेको छ । कुनै बेला कर्जाको ब्याजदर १७–१८ प्रतिशत हुँदा पनि ऋणको माग थियो र बैंकहरूले तरलता अभावको समस्या भोगेका थिए । राष्ट्र बैंकले तरलता प्रवाह गर्नु परेको**

- **ब्रान्ड पहिचान बनाउन सकेको भए त्यसले पनि पूँजी निर्माण हुन सक्थ्यो ।**
- **बैंक तथा वित्तीय सेवामा धेरै उद्योगी व्यापारीले लगानी गरेको देखिन्छ तर यस्तो लगानीले पूँजी निर्माण गर्न सहयोग नगरेको देखिन्छ ।**

**समेत थियो । तर, अहिले एकल अंकको ब्याजदरमा कर्जा पाउँदा पनि निजीक्षेत्रबाट कर्जाको माग हुन सकेको छैन । यस्तो हुनुमा निजीक्षेत्रको विश्वास कमजोर हुनु एउटा कारण हो भने अर्कोचाहिँ सरकारले लगानीमैत्री वातावरणको स्थायित्वको अनुभूति दिलाउन नसक्नु हो । त्यस्तै, सरकारले विकास निर्माणका काम तीव्र गतिमा अघि बढाउन सकेको छैन । निर्माण सम्पन्न आयोजनाको भुक्तानीसमेत रोकेर सरकारले नै विकास निर्माणका काममा अवरोध पुर्‍याइरहेको छ । निर्माण क्षेत्रमा पनि धेरै मेशिनको प्रयोग हुन्छ । यस्तो अवस्थामा स्थिर लगानी कम हुनुलाई अन्यथा भन्न सकिँदैन ।**

**हुन त पछिल्लो समय जलविद्युत् आयोजना र सेवामूलक उद्योगमा जस्तै होटेल र पर्यटनसम्बन्धी क्षेत्रमा लगानी बढेको छ । बैंक तथा वित्तीय सेवामा धेरै उद्योगी व्यापारीले लगानी गरेको देखिन्छ तर यस्तो लगानीले पूँजी निर्माण गर्न सहयोग नगरेको देखिन्छ । नेपालमा ब्रान्ड स्थापित गर्न सक्ने कम्पनी खासै छैनन् भन्न सकिन्छ । त्यस्तो ब्रान्ड पहिचान बनाउन सकेको भए त्यसले पनि पूँजी निर्माण हुन सक्थ्यो । शेयरबजारमा ब्लुचिप मानिएका कम्पनीहरूको अवस्था अहिले निकै खस्केको छ ।**

**त्यसैले सरकारले नीतिगत स्थिरता ल्याउने मात्र होइन, मुलुकमा व्यवसाय गरिखाने वातावरण छ भन्ने विश्वास ल्याउने गरी काम गर्नुपर्छ । त्यतिमात्र होइन, आममानिसको सोचाइ पनि व्यवसायप्रति सकारात्मक हुनुपर्छ । कसैले उद्योग व्यवसाय खोल्न आँटचो भने र खोल्यो भने उसले मुलुकका लागि योगदान दियो, रोजगारी दियो भनेर सोच्ने मानिसको संख्या ज्यादै कम छ । लुटचो, ठग्यो भनेर सोच्नेको संख्या अत्याधिक छ । जग्गाको भाउ अत्यधिक बढेको, खण्डीकरण भएको तथा जग्गा प्राप्ति निकै सकसपूर्ण भएकाले पनि यस्तो क्षेत्रमा लगानी गर्न निजीक्षेत्रले खुट्टा कमाइरहेको अवस्था छ । प्रशासनिक झन्झट र करको किचलो पनि उत्तिकै छ । यस्तो अवस्थामा सुधार ल्याएर व्यवसायमैत्री, प्रविधिमैत्री र प्रतिस्पर्धा बढाउने खालको पारदर्शी नीतिगत व्यवस्था गर्न सकेमात्रै लगानी बढ्ने देखिन्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## राजस्व संकलन २० % नाघ्यो

सरकारले चालू आवको माघ मसान्तसम्म रू. १ खर्ब ५४ अर्ब ५९ करोड राजस्व सङ्कलन गरेको छ । सङ्कलित राजस्व गत आवको सोही अवधिको तुलनामा २० दशमलव ३४ प्रतिशतले बढी हो । सो अवधिमा रू. १ खर्ब ५२ अर्ब ४८ करोड राजस्व उठाउने लक्ष्य सरकारले राखेको अर्थ मन्त्रालयले बताएको छ ।

सरकारले माघ महीनामा मात्र भन्सार राजस्वबाट लक्ष्यको तुलनामा २५ दशमलव ८७ प्रतिशत बढी सङ्कलन गरेको छ । विभागले माघमा रू. ८ अर्ब ६० करोड ९५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा रू. १० अर्ब ८३ करोड ७२ लाख राजस्व सङ्कलन गरेको छ ।

सङ्कलित रकम लक्ष्यको तुलनामा रू. २ अर्ब २२ करोड ७६ लाखले बढी हो । विभागले भन्सार महशुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क उठाउँदै आएको छ । माघमा भन्सार महशुलतर्फ रू. ४ अर्ब ५१ करोड २४ लाख, मूल्य अभिवृद्धि करतर्फ रू. ५ अर्ब १८ करोड ८८ लाख र अन्तःशुल्कतर्फ रू. १ अर्ब १३ करोड ५८ लाख राजस्व असुली गरेको छ ।

सरकारले सो समयमा ती शीर्षकमा क्रमशः रू. ३ अर्ब ३५ करोड २७ लाख, रू.४ अर्ब ३३ करोड ८३ लाख र रू. ९१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो ।

**वर्ष ८, अंक १५७, आइतवार, १३ फागुन, २०६९**

# 'ढुकुर जोडी' को अर्थशास्त्र

## संघीयताको नवीन प्रयोगले उब्जाएका प्रश्न



**हामो समाजमा सम्बन्धविच्छेदलाई बुझेजसरी सजिलो गरी व्यवहारमा उतार्न भने सजिलो छैन, कमैले चाहन्छन् । तर, आज भने अनेकौं कारण, युवा पुस्तामा खासगरेर, सम्बन्ध विच्छेदका घटनाहरू व्यापकरूपले फैलँदो छ, एक खाले उत्तरआधुनिक संस्कारैजस्तो गरेर । तर, यो सामाजिक विकार हो, चिन्ता हो ।**

**कृष्ण प्रधान**

संघीयताको प्रयोग हुनथालेपछि स्थानीय सरकारहरू राजनीतिक रूपले स्वायत्त हुँदै त्यसको स्वतन्त्र प्रयोगमा बलिया त भएका छन् नै सृजनात्मक सोचका क्षेत्रमा पनि केही न केही रूपले अगाडि आउन थालेका देखिन्छन् । पक्कै पनि यो राम्रो कुरा हो । खासगरेर, नीति निर्माण र आर्थिक विषयमा स्वायत्त भएपछि स्थानीय सरकारहरूले स्थानीय क्षेत्रमा केही नवीन कामहरू गरेर उदाहरण पनि प्रस्तुत गरेका देखिन्छन् । तर, कहिलेकाहीँ तिनका केही काम भने सबैको आँखाको तारोसमेत बन्ने गरेको पाइन्छ । जस्तै : अग्लाअग्ला डाँडामा भ्युटावर बनाउने, अनावश्यक ठाउँमा अग्लाअग्ला टावररूपी व्यावसायिक भवन निर्माण (दमक भ्यूटावर) गर्ने, ताल निर्माण (भरत ताल) गर्नेजस्ता र जथाभावी सिको गरेर बनाइएका मनोरञ्जन पार्कहरूको निर्माणजस्ता केही उदाहरण अहिले नागरिकका आँखामा तारो मात्र बनेका छैनन् त्यस खाले विकासको आवश्यकतामाथि नै पनि प्रश्न उठ्न थालेका छन् । अहिले त्यस खाले विकास निर्माणसित जोडिएर आएका भ्रष्टाचार र अनियमितताको गन्ध र रागले भने आम नागरिकमा संघीयतामाथि नै वितृष्णा पैदा हुनु शुभ होइन । राजनीतिक स्वायत्तताका नाममा हुने आर्थिक चलखेल र अनियमिततालाई महालेखाले समेत आफ्ना प्रतिवेदनमा सरोकार राखेर चिन्ता पनि व्यक्त गरेको देखिन्छ ।

नवीन सोच र सृजनाको थालनी गर्ने केही स्थानीय सरकारहरूकै मेसोमा हालै मात्र मोरङको सुन्दर हरैंचा नगरपालिकाले उक्त क्षेत्रमा बसोवास गर्दै आएका उदाहरणीय जोडी अर्थात् सुखदसँग पतिपत्नी बनेर समाजलाई उदाहरण प्रस्तुत गर्ने जोडीलाई पुरस्कृत गर्ने निर्णयले एक नयाँ तरंग ल्याएको यो लेखन्तेलाई लागेको छ । उक्त नगरपालिकाले यसलाई ढुकुर जोडी भनेको छ । त्यस्ता जोडीको खोजीका लागि मूल्यांकनका १२ सूत्रीय आधार राखिएको रहेछ । हुन त ती आधारमध्ये केही आधार भने थोरै अव्यावहारिक लागे पनि (जस्तो : संयुक्त परिवारमा बसेर सासू ससुराबाआमालाई हेरेको हुनुपर्ने भन्ने) यो असल र दिगो दाम्पत्य जीवन निर्वाह गरेर समाजमा असल सन्देश प्रवाह गरिरहेका जोडीहरूलाई प्रोत्साहन गर्ने र तिनका यस्ता उदाहरणले समाजमा सधैं कुकुर बिरालाकै नियति भोगेर पारिवारिक विखण्डन गर्ने र हाल बढ्दै गएको सम्बन्धविच्छेदका सामाजिक र पारिवारिक घटनालाई दुरुत्साहित गर्ने अभीष्टले नयाँ पुस्तालाई खास सन्देश प्रवाह गर्ने यो सोचको प्रशंसा भने गर्नैपर्छ ।

अहिले हाम्रो समाजमा सम्बन्धविच्छेदका घटना नजानिँदो तरीकाले बढ्दो छ । स्थानीय सरकारहरूले नै यसो भन्दै आएका छन् । अदालतमा पनि यस खाले मुद्दामामलाको संख्या बढ्दो छ । यो पक्कै पनि सामाजिक चिन्ताको विषय हो । कारण अनेक हुन सक्लान् । तर पनि यसको ग्राफ बढ्नुले हाम्रो समाजमा नजानिँदो तरीकाले बढ्दै गएको सामाजिक विकृतिको पाटोलाई भने उजागर गर्छ नै । यस्तो ग्राफ बढ्ने होइन, घट्नुपर्छ । चिन्ता यहाँनेर हो । अब यस्तै चिन्ता गरेर माथिकै उदाहरण नै सही, त्यस खाले प्रोत्साहनले सम्बन्धविच्छेदका पारिवारिक मुद्दामामला घटाउनमा कायापलटै नभए पनि समाजमा त्यसले असल सन्देश मात्र प्रवाह गर्न सक्यो भने पनि यस्ता सोचको उपलब्धिलाई उल्लेख्य मान्न सकिन्छ, मान्नुपर्छ पनि । यसमा गरिने कुनै खर्च वा बजेटको आकारसित मात्र यस खाले सोचको उपलब्धिलाई तुलना गर्न नमिल्ला, यसको प्राप्ति त चिरकालीन हुन्छ ।

झट्ट हेर्दा स्थानीय सरकारले विकास निर्माणका काम छाडेर के गरेको होला ? भन्ने पनि लाग्दो हो । कतिपय नारीमुक्तिका अभियन्ता एवम् नारीवादीहरूले यसलाई सहज रूपमा नलेलान् पनि । तर, सम्बन्धविच्छेदजस्ता पारिवारिक विखण्डनले पार्ने सबैभन्दा ठूलो मारचाहिँ सन्तानमाथि पर्ने कुरा नारीवादीलगायतले सोच्नैपर्ने विषय हो । हाम्रै समाजमा देखिएकै छ, कतिपय अवस्थामा विवाहको उत्तरार्द्ध कालमा आएर पनि सम्बन्धविच्छेदका घटना हुने गरेका छन् । कतिपय नारीले सौता हाल्दासमेत बोल्दैनन् । लोग्नेले जति नै भौतिक हिंसा गरे पनि ती प्रहरीसम्म पनि पुग्न चाहन्नन् । किनभने तिनलाई लोग्नेको हिंसाका पीडाभन्दा आफ्ना ससाना लालाबालाको चिन्ता बढी हुँदो रहेछ । मेरो नजिकका केही आफन्तमा महिला हिंसाका यस्ता केही घटना विवाह भएको ३० वर्षपछि मात्र थाहा भएको देखेर यो अनुभव यहाँ शेयर गरेकोसम्म हो । उनको त्यस्तो पीडा र लोग्नेको हिंसा देखेर सबैले कानूनी सल्लाहकारले समेत, सम्बन्धविच्छेद वा कानूनी रूपमा अलग भएर बस्ने सल्लाह दिए पनि तिनको विचार सुन्दा भने हामी सल्लाह दिनेहरू तीनछक्क मात्र परेनौं नारी जातिकै वैचारिक महानतामाथि गर्व पनि लागेर आयो । उनलाई लोग्नेको हिंसाभन्दा ससाना लालाबालाको पढाइलेखाइ र तिनलाई विवाहसम्म गराउनेको पो बढी चिन्ता रहेछ । बुझ्दै जाँदा थाहा भयो, तिनका लोग्ने त नेपालकै कुनै राम्रो संस्थामा उच्च ओहदामा आसीन पो रहेछन् । हाम्रो समाजमा भित्रभित्रै भूसको आगो तापिरहेका, लोग्नेका हिंसात्मक रापताप सहिरहेका कति यस्ता नारी होलान् ? ती घटना बाहिर बिरलै आउँछन् ।

- **अहिले वैदेशिक रोजगारीमा जाने अधिकांशका दाम्पत्य जीवन सुखमय हुन सकेको देखिँदैन । सोही कारण पारिवारिक विखण्डनको स्थिति आएको छ ।**
- **सम्बन्धमा आएको समस्याका कारण जग्गा लुकाउने र सम्पत्ति नदेखाउने प्रवृत्ति पनि बढेको छ ।**
- **नवीन खाले सोचमा गरिने कुनै खर्च वा बजेटको आकारसित मात्र यस खाले सोचको उपलब्धिलाई तुलना गर्न नमिल्ला, यसको प्राप्ति त चिरकालीन हुन्छ ।**

तिनलाई महिला हिंसाको उस्तो चिन्ता हुँदैन, बरु आफ्ना सन्तानको चिन्ता र तिनका भविष्यको हुन्छ । तीसौं वर्षसम्म पनि कतिपय नारीले आफ्ना पतिको यस्ता पीडालाई भित्रभित्रै दबाएर र बाहिर कुनै रखौटी नै राखे पनि कुनै प्रतिवाद नगरी सहेरै बस्ने नारीहरू खोज्दै जाने हो भने थुप्रै होलान् । एउटा सत्य के हो भने उचाल्नेहरूले कालान्तरसम्म साथ नदेलान् । उचाल्छन् उचाल्छन् र जान्छन् । बाँकी जीवनसित लड्ने र भोग्ने त स्वयम्ले हो ।

हामो समाजमा सम्बन्धविच्छेदलाई बुझेजसरी सजिलो गरी व्यवहारमा उतार्न भने सजिलो छैन, कमैले चाहन्छन् । तर आज भने अनेकौं कारण, युवा पुस्तामा खासगरेर सम्बन्धविच्छेदका घटना व्यापकरूपले फैलँदो छ, एक खाले उत्तरआधुनिक संस्कारैजस्तो गरेर । तर, यो सामाजिक विकार हो, चिन्ता हो । यसले गर्दा अब झट् मगनी पट् विवाह भनेजस्तै आज बिहे भोलि छोडपत्र पनि भन्नुपर्ने हो कि ? भनेजस्तो हुन थालेको छ । खासगरेर अहिले वैदेशिक रोजगारीमा जाने अधिकांशको दाम्पत्य जीवन सुखमय हुन सकेको देखिँदैन । सोही कारण अनेक खाले पारिवारिक विखण्डनको स्थिति आएको मात्र होइन, त्यसले विकारका चरमरूप हत्या हिंसासमेत लिन थालेको छ । स्थानीय सरकारहरूमा यससम्बन्धी मुद्दामामला बढेका छन् । सामाजिक सम्बन्धमा चिरा पारेको छ । जायजेथाका नामको झैंझगडा सोही कारण पनि बढेका छन् । जग्गा लुकाउने र सम्पत्ति नदेखाउने प्रवत्तिका कर्तुतहरू पनि बढेका होलान् । यी सब आखिर यही सम्बन्धविच्छेदसितै जोडिएर आएका वा त्यसले ल्याएका सहउत्पादन हुन्, विकार हुन् । यो सबैको जड भनेकै लोग्नेस्वास्नीबीचको दाम्पत्य जीवन सुखमय नहुनुसितै जोडिएको छ । यसैले पनि जडमै गएर समस्या निदान गर्नेतर्फको यस किसिमको सृजनात्मक सोचको प्रशंसा गर्नैपर्छ । हेरौं, त्यसको नतिजा कस्तो हुन्छ वा सामाजिक रूपान्तरणमा त्यसले आगत पुस्तालाई कस्तो सन्देश प्रवाह गर्छ त्यो भने आउने दिनले नै बताउनेछ । स्थानीय सरकारहरूमा, अदालतमा सम्बन्धविच्छेदका मुद्दामामला बढ्दै गएका समाचार त सार्वजनिकै भएका छन् ।

वैयक्तिक स्वतन्त्रताको पाटो एउटा होला । तर, वैवाहिक सम्बन्ध भनेको यौनिक मात्र होइन । सृष्टि र पारिवारिक निरन्तरतासित जोडिएको कुरा पनि त हो । त्यसैले लोग्नेस्वास्नीको सम्बन्ध चिरायु हुनुपर्छ, दिगो हुनुपर्छ, सुमधुर हुनुपर्छ भनिएको हो । हाम्रो सनातनीय हिन्दु संस्कार र विवाह विधिले पनि त्यही कुरा भन्छ, भनेको छ, अग्निलाई साक्षी राखेर वेदीका वरिपरि सातफेरा लिनुको एउटा अर्थ सात सात जुनीसम्मको सम्बन्धको अर्थ हो । तर, अचेल सातजुनीको त के कुरा एकै जुनी पनि लोग्नेस्वास्नीका सम्बन्ध बलियो गरी रहन छाडेको देखिन्छ । पतिपत्नीबीचकै सुमधुर सम्बन्धका वातावरण देखासिकी तिनका सन्ततिमा पर्ने हो । पारपाचुके लिएका अधिकांशका सन्तानमा अनेक खाले मानसिक बिकार भेटिनु स्वाभाविकै हो । कारण सानोमा मातापिताको न्यानोपनबाट ती जो वञ्चित हुन्छन् । पारपाचुके लिएकाहरूका सन्तानको स्थिति खराबै नभए पनि अधिकांशका मानसिक स्थिति भने सन्तुलित देखिँदैन । यो बढी मनोचिकित्सकहरूलाई थाहा हुने कुरा हो ।

मैले धेरै जना पारपाचुके लिएर बसेका मेरै आफन्तका सन्तानलाई नजिकबाट नियालेको छु । तिनका सन्तानको हरिबिजोक पनि हेरेको छु, तिनका मनोस्वभावलाई पनि नियालेको छु । परपाचुके लिएका तर उमेर हुनेहरूले दोस्रो विवाह गरेका उदाहरण प्रशस्तै छन् । तिनले आआफ्ना पूर्वपतिपत्नीका सन्तान लालाबालालाई स्याहारेका पनि होलान्, छन् । सौतेलो बाबु र सौतेनी आमाका हेरचाह व्यवहार पनि हेरिएका, देखिएका नै छन् । ती सबै भए पनि ती खाले सन्तानमा पाउनुपर्ने मानसिक शान्तिको सुख भने धेरै परको कुरा हुँदोरहेछ । यो तीतो यथार्थ हो । यसैले सुन्दर हरैंचाले अगाडि ल्याएको यसखाले पारिवारिक सुख चयनको खोजी एउटा अनुकरणीय उदाहरण बनेर जावोस्, आफ्नो नाममा जोडिएको विशेषणजस्तै ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# लघुवित्त क्षेत्रका लक्षितवर्गको पहिचानको सन्दर्भ



**लघुवित्त वित्तीय संस्थाहरूबीच लक्षित वर्गको पहिचान गर्ने आधारमा एकरूपता आउन नसकेकाले गैरलक्षित वर्गसमेत संस्थामा आबद्ध भएको देखिन्छ । जसले गर्दा पछिल्लो समय लघुवित्त क्षेत्रमा वित्तीय अनुशासनको अवस्था कमजोर हुँदै गएको छ ।**

**- उमा जोशी बोहरा**

नेपाल राष्ट्र बैंकले घ वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशनमा लघुवित्त वित्तीय संस्थाले विपन्न तथा न्यून आय भएका व्यक्तिलाई विनाधितो वा स्वीकारयोग्य धितो लिई लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न तोकिएको सीमासम्मको लघुकर्जा प्रदान गराउन सक्नेछन् भन्ने बेहोरा उल्लेख छ । यसरी बैंकिङ सेवाबाट विभिन्न कारणले विमुख भएका लक्षितवर्गलाई कर्जा प्रदान गरी पूँजीका माध्यमबाट ग्रामीण उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समग्र गरीबी न्यूनीकरण गर्ने उद्देश्यले स्थापना गरिएका संस्था भएकाले लघुवित्त वित्तीय संस्थालाई विशिष्टीकृत संस्था मानिन्छ ।

मुलुकका ७५३ ओटै स्थानीय तहमा बैंक तथा वित्तीय संस्था (वाणिज्य बैंक) को उपस्थिति भए पनि कमजोर वित्तीय साक्षरता भएका, बैंकिङ प्रक्रियाका वारेमा न्युन ज्ञान भएका, कर्जा लिनका लागि धितो नभएका लगायत कारणले बैंक तथा वित्तीय संस्थासम्म पुगेर वित्तीय सेवा लिन नसक्ने वर्गलाई लघुवित्त वित्तीय संस्थाले उनीहरूको घरदैलोमा नै आवश्यक वित्तीय सेवा उपलब्ध गराउँदै आएका छन् । मुलुकमा रहेका क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थामा झन्डै ६ करोड बचत खाता र झन्डै २० लाख (३.३ प्रतिशत) को हाराहारीमा रहेको ऋणीको संख्याले कर्जा लिने सेवाग्राहीको संख्या ज्यादै न्यून रहेको देखाउँदछ भने संख्यात्मक हिसाबले लघुवित्त वित्तीय संस्थामा आबद्ध भएका सदस्यमध्ये ऋणीसदस्यको संख्या उल्लेख्य रहेको पाइन्छ । प्राप्त तथ्यांकअनुसार लघुवित्त क्षेत्रमा रहेका ६१ लाखभन्दा बढी ग्राहकसदस्य मध्ये झन्डै २७ लाख (४५ प्रतिशत) सदस्यले ऋण लिएका छन् ।

तीन दशकभन्दा लामो इतिहास बोकेको लघुवित्त क्षेत्रमा ५२ ओटा (४९ ओटा खुद्रा कारोबार गर्ने) लघुवित्त वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् । यी वित्तीय संस्थाले अन्य बैंक तथा वित्तीय संस्थाले भन्दा पृथक् तरीकाले आफ्ना ग्राहकसदस्यलाई वित्तीय सेवा प्रदान गर्ने गर्छन् । लघुवित्त वित्तीय संस्थाहरू लक्षितवर्गको घरदैलोमा नै गई उनीहरूलाई वित्तीय रूपले साक्षर बनाउँदै वित्तीय सेवा प्रदान गर्छन् । यस्तो वित्तीय सेवाअन्तर्गत मुख्यतया सामूहिक जमानी र स्वीकारयोग्य धितोमा कर्जा प्रदान गर्ने, सानो आकारको कर्जा, कर्जाको बीमा, विप्रेषणको कारोबार, ग्राहक संरक्षणसँग सम्बन्धी कार्यक्रम, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम, सदस्यकेन्द्रित राहत कार्यक्रमलगायत पर्छन् ।

विपन्न तथा न्यून आय भएका वर्गलाई लघुवित्त वित्तीय संस्थाको लक्षित वर्ग र यी वर्गलाई प्रदान गरिएको वित्तीय सेवालाई लघुवित्तीय सेवा भनिन्छ । लघुवित्त वित्तीय संस्थाले गर्ने कार्यलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४९ (घ) मा उल्लिखित व्यवस्था र राष्ट्र बैंकले हरेक वर्ष जारी गर्ने एकीकृत निर्देशन र समयसमयमा बैंकले जारी गर्ने परिपत्रहरूले निर्दिष्ट गर्ने गरेको पाइन्छ । यसरी विपन्न तथा न्युन आय भएका वर्गलाई लघुवित्त क्षेत्रका लक्षित वर्ग भन्ने गरिएको भए पनि आर्थिक रूपले कस्तो अवस्थामा रहेका वर्गलाई लक्षित वर्ग भन्ने सन्दर्भमा ठोस परिभाषाको अभाव रहेको देखिन्छ । भारतमा वार्षिक भारू ३ लाखसम्म आम्दानी भएका र पाकिस्तानमा पाकिस्तानी रू. ६ लाखसम्म आम्दानी हुने वर्गलाई यस क्षेत्रको लक्षितवर्ग मान्ने गरिएको पाइन्छ ।

लक्षितवर्गको परिभाषा खोज्ने क्रममा नेपालको संविधान, २०७२ को धारा १८ को स्पष्टीकरणमा आर्थिक रूपले विपन्न वर्ग भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएका व्यक्ति, वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ मा न्यून आय भएको व्यक्ति भन्नाले राष्ट्र बैंकले समयसमयमा तोकेकोभन्दा कम आय भएको व्यक्ति, क, ख र ग वर्गको इजाजतपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा विपन्न वर्ग भन्नाले न्यून आय भएका र सामाजिक रूपले पिछडिएका महिला, जनजाती, दलित, फरक ढंगले सक्षम व्यक्ति, सीमान्तकृत समुदाय, सानाकिसान, कालिगढ, मजदूर, भूमिहीन परिवार र घ वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा संस्थाका लक्षितवर्ग भन्नाले विपन्न तथा न्यून आय भएका व्यक्ति बुझ्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ । यी नै व्यवस्थाका आधारमा लघुवित्त वित्तीय संस्थाहरूले लक्षित वर्गको पहिचान गर्ने मापदण्ड बनाई कार्यान्वयनमा ल्याएको पाइन्छ ।

उल्लिखित अवस्थालाई हेर्दा लघुवित्त क्षेत्रमा लक्षितवर्गको पहिचानका लागि सार्वत्रिक मापदण्ड/परिभाषाको अभाव रहेको देखिन्छ । यसरी लक्षितवर्गको पहिचानसम्बन्धी उल्लिखित व्यवस्थाले लघुवित्त वित्तीय संस्थाहरू बीच लक्षितवर्गको पहिचान गर्ने आधारमा एकरूपता आउन नसकेकाले गैरलक्षित वर्गसमेत संस्थामा आबद्ध भएको देखिन्छ । जसले गर्दा पछिल्लो समय लघुवित्त क्षेत्रमा वित्तीय अनुशासनको अवस्था कमजोर हुँदै गएको र नियतवश कर्जा नतिर्ने ऋणीसदस्यको संख्यामा वृद्धि भई निष्क्रिय कर्जाको अंश बढाउन सहयोग पुगेको देखिन्छ ।

कुनै वर्ग वा समुदायकेन्द्रित कार्यक्रम सञ्चालन गर्दा लक्षितवर्गको सर्वमान्य पहिचानका आधारहरू निर्धारण गरिनुपर्छ । यसको अभावमा लक्षित वर्ग छनोटको चरणदेखि नै कार्यक्रमले सही बाटो लिन नसक्ने भएकाले समग्र कार्यक्रम नै आशा गरिएअनुरूप प्रभावकारी बन्न सक्दैन । यसै सन्दर्भमा विगतमा राष्ट्र बैंकअन्तर्गत सञ्चालित ग्रामीण स्वावलम्बन कोषको एउटा प्रसंगको चर्चा सान्दर्भिक हुने देखिन्छ । कोषले ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थामार्फत विपन्न वर्गलाई आयमुलक व्यवसाय सञ्चालन गर्न सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्ने गर्दथ्यो र काठमाडौं उपत्यकालाई कोषको लक्षित क्षेत्र भन्दा बाहिर राखिएको थियो । कर्जा स्वीकृतलगायत कोषको नीतिगत कार्यका लागि नेपाल सरकारका प्रतिनिधिहरू समेत कोषमा रहेका थिए । सरकारी कामकाजका लागि त्यतिवेला काठमाडौं उपत्यकाको सीमांकन वर्षायाममा परेको पानी बग्ने आधारमा निर्धारण गर्ने गरिएको र सोहीअनुरूप उपत्यकाको वरिपरिको डाँडाबाट वर्षात्को पानी उपत्यकातर्फ बग्ने क्षेत्रलाई उपत्यकाअन्तर्गत र बाहिर बग्ने क्षेत्रलाई उपत्यका बाहिर राखिएको थियो । यसरी गरीबी मापनको मापदण्ड मानिसको जीवनस्तरसँग सम्बद्ध अवयवहरू (आय, जायजेथा, रोजगारी आदि) लाई आधार बनाइनुपर्नेमा त्यसो नभई वर्षात्को पानी बगेर जाने आधारमा बनाइएकाले कोषको कार्यक्रमले उपत्यकाभित्र रहेका विपन्न वर्गलाई न्याय गर्न सकेको थिएन । यसप्रकारको सीमांकनले पहिचान कार्य कठिन भई वास्तविक लक्षितवर्ग नै सञ्चालित कार्यक्रमबाट बाहिरिनुपर्ने अवस्था थियो । यो त एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो, मुलुकमा सञ्चालित अन्य कार्यक्रममा समेत यस्तो अवस्था रहेको हुनसक्छ । यसरी मुलुकमा सञ्चालन भएका विपन्न वर्गलक्षित कतिपय कार्यक्रम कम प्रभावकारी हुनुका विभिन्न कारणमध्ये लक्षितवर्गको परिभाषा र क्षेत्र पहिचानसम्बन्धी स्पष्ट प्रावधान नहुनुलाई एउटा महत्त्वपूर्ण कारण मान्न सकिन्छ ।

लघुवित्त क्षेत्रलाई व्यवस्थित बनाई विपन्न तथा न्यून आय भएका वर्गको आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले पछिल्लो समय राष्ट्र बैंकले थप नीतिगत व्यवस्था गरेको छ । यसमध्ये सदस्यले बढीमा दुईओटा लघुवित्त वित्तीय संस्थाबाट मात्र तोकिएको सीमासम्मको कर्जा लिन पाउने, क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणीसदस्यलाई लघुवित्त वित्तीय संस्थाले कर्जा प्रदान गर्न नपाउने, कर्जा प्रदान गर्नुअघि अनिवार्य रूपले ग्राहक सदस्यको कर्जा सूचना लिनुपर्ने, कर्जा सदुपयोगितालाई प्रभावकारी बनाउनुपर्ने, कर्जाको पुनर्तालिकीकरण लगायत व्यवस्था रहेका छन् । उल्लिखित नीतिगत व्यवस्थाले सेवाग्राही अधिक ऋणग्रस्त हुने अवस्थाबाट सुरक्षित रहने भएकाले उनीहरूको आर्थिक अवस्थामा सुधार आउने र अर्कोतिर लघुवित्त वित्तीय संस्थाको स्थायित्वमा समेत सकारात्मक प्रभाव पर्ने आशा गर्न सकिन्छ ।

धितोमुखी कर्जा प्रवाह गर्ने क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले धितोको अभाव भएका विपन्न वर्गलाई कर्जा प्रवाह गर्न नसक्ने भएकाले लघुवित्त वित्तीय संस्थाको उपस्थितीले उनीहरूलाई सहज कर्जा उपलब्ध गराउन महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । लघुवित्त कार्यक्रमकै कारण विपन्न वर्गले अनौपचारिक स्रोतबाट महँगो ब्याजदरमा कर्जा लिनुपर्ने बाध्यता हटेको छ । त्यसैले लक्षितवर्गको पहिचानका लागि उनीहरूको जीवनस्तरसँग सम्बद्ध आम्दानी, जायजेथा, जीविकोपार्जनको लागत आदिका आधारमा मापदण्ड बनाई वास्तविक लक्षितवर्गलाई मात्र लघुवित्त कार्यक्रममा आबद्ध गर्नुपर्छ । यसो गर्न सकिएन भने तथ्यांकमा लाभान्वितको ठूलो संख्या देखिए पनि वास्तविकता फरक पर्न सक्छ । त्यसैले लक्षितवर्गको पहिचान सम्बन्धी सर्वमान्य मापदण्ड बनाई सोहीअनुरूप द्रुत ग्रामीण मूल्यांकन, सहभागितामूलक ग्रामीण मूल्यांकन, सहभागितामूलक धनसम्पत्ति वर्गीकरण जस्ता प्रचलित विधिबाट लक्षितवर्गको छनोट गरी लघुवित्त कार्यक्रमलाई व्यवस्थित बनाउन सम्बद्ध निकायले आवश्यक कार्य गर्नुपर्ने देखिन्छ ।

*लेखक लघुवित्तसम्बन्धी जानकार व्यक्ति हुन् ।*

# सन्तुलित बजेट, उत्पादनलाई प्रोत्साहन : परिसंघ

अभियान संवाददाता

काठमाडौं

आर्थिक वर्ष २०८२/८३ को बजेटप्रति नेपाल उद्योग परिसंघले सकारात्मक प्रतिक्रिया दिएको छ। परिसंघका अनुसार बजेट सन्तुलित छ र यसले उत्पादनमुखी क्षेत्रलाई प्राथमिकता दिएको छ। सरकारले वर्तमान अर्थतन्त्रका चुनौतीलाई सम्बोधन गर्दै निजीक्षेत्रको लगानी बढाउन अनुकूल वातावरण तयार गर्ने प्रयास गरेकोमा परिसंघ सन्तुष्ट देखिन्छ।

विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहने उद्योगीहरूलाई शुरूका तीन वर्षसम्म भाडा छूट दिने व्यवस्था, मासिक भाडा दर घटाउने निर्णय र ३० प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योगलाई विशेष आर्थिक क्षेत्रका सरहको सुविधा दिने प्रावधानलाई परिसंघले सकारात्मक भनेको छ। त्यस्तै, औद्योगिक क्षेत्र निर्माण गर्ने कम्पनीलाई जलविद्युत् कम्पनीसरह सुविधा दिने व्यवस्था, भाडा दरमा ५० प्रतिशत कटौती गर्ने र जग्गा तथा हदबन्दीसम्बन्धी कानूनको पुनरवलोकन गर्ने घोषणालाई पनि परिसंघले स्वागत गरेको छ।

स्टार्टअप र उद्यमशीलता प्रवर्द्धन गर्न इन्क्युबेशन सेन्टर स्थापना गर्ने सरकारको घोषणालाई परिसंघले समयानुकूल ठानेको छ। सूचना प्रविधि सेवा निर्यातमा कर छूट, स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था, सूचना प्रविधिमा आधारित उद्योगलाई आयकर तथा विद्युत् महशुलमा छूट दिने व्यवस्थाले लगानी आकर्षणमा सहयोग गर्ने परिसंघको विश्वास छ।

विदेशमा विक्री शाखा वा प्रशोधन कारखाना खोल्न कार्यान्वयनका लागि आवश्यक वातावरण तयार पार्न आग्रह गरेको छ। कार्यशील पूँजी कर्जा सरल र सुलभ तरिकाले उपलब्ध गराउने व्यवस्था, वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको शीप र पूँजीको सदुपयोग, जनशक्ति उत्पादनका लागि 'अन द जब' तालिम कार्यक्रम, विदेशी विद्यार्थी र तिनका अभिभावकलाई

**विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहने उद्योगीहरूलाई शुरूका तीन वर्षसम्म भाडा छूट दिने व्यवस्था, मासिक भाडा दर घटाउने निर्णय र ३० प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योगलाई विशेष आर्थिक क्षेत्रका सरहको सुविधा दिने प्रावधानहरूलाई परिसंघले सकारात्मक रूपमा लिएको छ।**

नेपाली व्यवसायीलाई अनुमति दिने र निर्यात आम्दानीको २५ प्रतिशतसम्म विदेशमै लगानी गर्न पाउने व्यवस्था निकै दूरदर्शी भएको परिसंघको धारणा छ। यसका साथै, पूर्वाधार निर्माण, विद्युत् रेलवे, व्यवस्थित शहर विकास, डाटा सेन्टर स्थापना, पर्यावरणीय प्रक्रिया सरलीकरण, वन क्षेत्रको सन्तुलित उपयोग, हिल स्टेशन तथा पर्यटन पूर्वाधार निर्माण जस्ता नीति तथा कार्यक्रमले अर्थतन्त्रलाई गति दिने विश्वास परिसंघले व्यक्त गरेको छ। मूल्य अभिवृद्धिकरमा बहुदरबारे अध्ययन गर्ने प्रतिबद्धतालाई परिसंघले स्वागत गर्दै यसको भिसामा दिइने सहुलियत तथा डिजिटल नोम्याड भिसा जस्ता घोषणाहरूलाई परिसंघले दूरदर्शी कदमका रूपमा लिएको छ।

ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउने, वैकल्पिक ऊर्जाको उपयोग प्रोत्साहन गर्ने, उद्योगका लागि विद्युत् महशुलमा छूट दिने तथा ह्विलिङ चार्जसम्बन्धी व्यवस्थाले उत्पादन वृद्धिमा योगदान पुऱ्याउने परिसंघको धारणा छ। समग्रमा बजेटले निजी क्षेत्रसँगको सहकार्यद्वारा आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने सम्भावना देखिएकाले परिसंघले नीति कार्यान्वयनमा गम्भीरता देखाउन सरकारसँग अनुरोध गरेको छ।



तस्वीर : रासस

गोरुगाडामा राखेर खरबुजा विक्री गर्न धनगढी बजार जाँदै गरेका धनगढी उपमहानगरपालिका-१२, जुगेडाका किसान रामदयालु चौधरी।

# ६ महीनापछि थातथलो फर्किए तिंकरवासी

दार्चुला। दार्चुलाको उत्तरी सिमानामा अवस्थित तिंकर गाउँका स्थानीय ६ महीनापछि आफ्नो थातथलो फर्किएका छन्। गत मङ्सिरमा चिसो छल्न गाउँ छोडेर खलंगा झरेका ७० परिवार वैशाख अन्तिम सातामात्रै गाउँ फर्किएका हुन्।

'६ महीनापछि फर्कंदा आफ्नो घरको ढोका देवीदेवताको भरोसामा जस्ताको तस्तै रहेछ,' स्थानीय जसपाल तिङ्करीले भने। 'अब घरका ताला खुलेका छन्।' स्थानीयवासी फर्किएपछि गाउँमा चहलपहल बढेको छ। 'खलंगाबाट नेपालकै भूमि भएर तिंकर पुग्ने गोरेटो बाटो छैन। स्थानीयवासी भारतको बाटो हुँदै कठिन यात्रा गरी गाउँ पुगेका छन्,' वडा नं १ का सदस्य हितेश बुढाथोकीले भने। 'आफ्नै भूमि भएर गाउँ फर्किन नपाउँदा नरमाइलो लाग्छ।' आफ्नो गाउँ जान भारतीय अनुमति लिनुपर्दा अपमानित महसुस हुने गरेको उनीहरूको गुनासो छ। समयमै पूर्वाधार निर्माण नहुँदा यहाँका नागरिकले सास्ती खेप्नुपरेको हो।

केही वर्षअघिसम्म तिंकर पुग्ने नेपाली गोरेटो बाटो थियो। उक्त बाटो मर्मत नहुँदा स्थानीयले केही वर्षदेखि गाउँ फर्किन भारतीय भूमि र भारतीय अनुमतिको भर पर्नु परेको छ। व्यास गाउँपालिका अध्यक्ष मंगलसिह धामी भन्छन्, 'व्यास गाउँपालिका-१ को छाङ्रु-तिंकर जोड्ने बाटो बनाउन पटकपटक बजेट नगएको होइन। नियमन निकायको अभाव भयो। बजेटको सही प्रयोग हुन नसक्दा यो बाटो कहिल्यै बनेन।' गतवर्ष मर्मतसम्भारमा करोड रुपैयाँ खर्च भए पनि बाटोको अवस्था जस्ताको तस्तै छ।

विगतमा केही ठाउँमा भारतीय सडक निर्माणका क्रममा नेपालतिरको बाटो अवरुद्ध भएको स्थानीय बताउँछन्। ठाउँठाउँमा भारतले महाकाली नदी किनारैकिनार सडक बनाउन बाँध बाँधिदिँदा नेपालतर्फको बाटोमा क्षति हुन पुगेको छ। केही ठाउँमा पहिरो गएपछि बाटो अवरुद्ध भयो। तम्बाकुलगायत क्षेत्रमा नेपालतिर नदीले पूरै कटान गरेपछि पूर्ण रूपमा बाटो बन्द भएको वडाअध्यक्ष योगेश बोहरा बताउँछन्। नेपालतिर बाटो नबनेकै कारण व्यासका नागरिक, त्यहाँ कार्यरत सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म, इलाका प्रहरी कार्यालय छाङ्रु, बिओपी तिंकर तथा सीमा चौकी तिंकरीका प्रहरी लगायतले भारतीय बाटोको भर पर्नु परेको छ। सरकारले विशेष अनुदानअन्तर्गत चालू आर्थिक वर्षमा ५ करोड ५० लाख रुपैयाँ बजेट पठाए पनि बोलपत्रमा ढिलाइ हुँदा बाटो बन्न सकेन। उक्त बाटो बनाउन गाउँपालिकाले केही दिन अघिमात्रै निर्माण कम्पनी छनोट गरेको छ।



२०७७ जेठ ७ गते सरकारले चुच्चे नक्सा जारी गर्दा स्थानीय निकै खुशी थिए। 'भूगोल नआए पनि नक्सामा अधिकार पाएको महसुस गऱ्यौं,' स्थानीय जसमल बुढाथोकीले भने। 'अब चाँडै आफ्नै देश भएर आवतजावत गर्ने वातावरण बनोस्।' यहाँका बासिन्दा वर्षको आधा समय खलंगामा र बाँकी समय तिंकरमा बस्ने गर्छन्। उनीहरूको भाषामा यसलाई 'कुञ्चा' सर्नु भनिन्छ। कुञ्चा भनेको सौका समुदायको भाषामा बसाइँसराइ हो। समुद्र सतहबाट ३ हजार ३०० मिटर उचाइमा अवस्थित यस गाउँमा हिउँदमा ६ फिटभन्दा बाक्लो हिउँ पर्ने हुँदा बस्न नसकिने तिंकरी बताउँछन्। त्यही चिसो छल्न स्थानीयवासी पशुचौपाया र खाद्यान्नसहित खलंगा सर्छन्।

अत्यधिक चिसोका कारण ६ महीना गाउँ सुनसान हुन्छ। घरका ढोकामा ताल्चा लगाइएको हुन्छ। तिंकरी थप्छन्, 'अहिलेसम्म गाउँमा चोरी भएको घटना छैन।' यहाँका बासिन्दाको मुख्य जीविकोपार्जन कृषि, व्यापार र जडीबुटी संकलन हो। यहाँ फापर, उवा, आलु गहुँजस्ता अन्नबाली उत्पादन हुन्छ। उनीहरू गाई, चौंरी, खच्चड, घोडा, बाखा पाल्छन्। गाउँ फर्केका स्थानीय आलु रोप्ने तथा फापर र गहुँ छर्ने तयारीमा छन्।

तिंकरमा स्वास्थ्यचौकी छैन। स्थानीयलाई सामान्य रोग लाग्दा भारत पुग्नुपर्ने बाध्यता छ। धेरैले सिटामोल, दम लगायतका औषधि खलंगाबाटै लैजान्छन्। व्यास-१ को छाङ्रुमा स्वास्थ्यचौकी छ। तर तिंकर गाउँबाट छाङरु जाउआउ गर्न ५ घण्टाभन्दा बढी लाग्छ। गाउँमा युवा नहुँदा बिरामी बोक्ने मानिस पाउन पनि मुश्किल पर्छ। 'पहिले त कोही बिरामी हुँदा पनि ४/५ दिनपछि खबर पाउने अवस्था थियो,' बुढाथोकीले भने। 'गतवर्षबाट ल्यान्डलाइन र नेपाल टेलिकमको टु जी फोन सञ्चालन भएपछि केही सहज भएको छ।'

वडा सचिव विनोदसिंह बुढाथोकीका अनुसार तिंकरमा ३/४ वर्षअघि निर्माण थालिएको स्वास्थ्य चौकी भवन अझै पूरा भएको छैन। बजेट अभावले यस्तो भएको उनको भनाइ छ।

चीनसँगको व्यापार खुला हुँदा स्थानीयले तिब्बतबाट किनमेल गर्थे। पछिल्लो समय चीनबाट खाद्यान्न आउन छाडेको छ। नेपालमा मात्रै बसोबास गर्ने व्यासी सौका समुदायको मात्रै यहाँ बसोबास छ। सौका समुदायको आफ्नै भाषा 'रङ' छ।

**प्रहरी पनि ६ महीनामात्रै**

तिंकर क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीको बसाइ पनि बढीमा ६ महीनासम्म मात्र हुन्छ। चिसोले गर्दा सुरक्षाकर्मी पनि स्थानीय जस्तै बसाइँ सर्छन्।

स्थानीय गाउँ पुग्ने बेला सशस्त्र प्रहरी तिंकर उक्लिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका गुल्मपति लिलीबहादुर चन्दले बताए। उनीहरू भारतीय बाटो हुँदै तिंकरको छायालेक बिओपी पुगेका हुन्।

दुई वर्षयता तिंकरको छायालेकमा सशस्त्र प्रहरी बस्न थालेको हो। व्यासकै छाङ्रुमा गुल्म छ। चुच्चे नक्सा जारी भएसँगै यहाँ सुरक्षाकर्मी राखिएको हो। छाङ्रुमा सशस्त्र प्रहरी र नेपाल प्रहरी वर्षभरि नै बस्ने गर्छन्। नेपाल प्रहरी पनि केही दिनअघि मात्रै तिंकर पुगेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी प्रहरी निरीक्षक छत्र रावतले बताए।

# संघीय सांसदले गरे मदन भण्डारी विश्वविद्यालय अवलोकन



काठमाडौं (अस)। संघीय संसद् प्रतिनिधिसभाका शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापा सहित सांसदहरू देवेन्द्र पौडेल, छविलाल बिश्वकर्मा, महेन्द्रकुमार राय, रामप्रकाश चौधरी, सरिता भुसाल र ज्ञानु बस्नेत सुबेदीले जेठ १६ र १७ गते चित्लाङस्थित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थलगत अवलोकन तथा विद्यार्थी एवं प्राध्यापकहरूसँग अन्तरक्रिया गरेका हुन्।

उक्त भ्रमणका क्रममा सांसदहरूले डिजिटल प्रविधि, च्याउ, प्लान्ट प्याथोलोजी, जैविक तथा प्राकृतिक स्रोत साधन र दिगो तथा लचिलो पूर्वाधारसम्बन्धी अनुसन्धान प्रयोगशालाहरूको अवलोकन गर्नुका साथै सम्बन्धित विषयको अनुसन्धान गतिविधिबारे जानकारी लिएका थिए। संयोजकहरू डा. भुषण श्रेष्ठ, डा. सबिना श्रेष्ठ, डा. अनुपमा श्रेष्ठ, डा. सर्बेशदास डंगोल, डा. किशोर तिम्लसिना तथा डा. राजिब सुब्बाले आ-आफ्नो कार्यक्रम अन्तर्गत भइरहेको अनुसन्धानबारे जानकारी गराएका थिए।

विश्वविद्यालयका उपाध्यक्ष पद्मसुन्दर जोशीले स्वागत मन्तव्य राखेको र निर्देशक डा. किर्तिकुसुम जोशीले शैक्षिक कार्यक्रमबारे जानकारी दिएको बताइएको छ।

त्यसैगरी उक्त कार्यक्रममा डिजिटल प्रविधि, अर्ग्यानिक कृषि, वनजन्य जैविक सामग्रीहरू, दिगो तथा लचिलो पूर्वाधार विषयमा अध्ययनरत विद्यावारिधि तथा स्नातकोत्तर तहका विद्यार्थीहरूले आफ्नो शोधसम्बन्धी जानकारी प्रस्तुत गरेका थिए।

विश्वविद्यालयका अध्यक्ष राजेन्द्रध्वज जोशीले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई विश्वस्तरीय बनाउन आवश्यक नीतिगत सहयोग शीर्षकमा प्रस्तुतीकरण दिँदै राजनीतिक क्षेत्र लगायत समाजका विभिन्न तह र तप्काबाट उक्त विश्वविद्यालयलाई आवश्यक सहयोगबारे जानकारी गराएका थिए।


**रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल (३०० शय्या) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/०२/१९)**

मधेश प्रदेश, सप्तरी जिल्ला, राजविराज नगरपालिका, वडा नं.१०, बिरौल स्थित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | **रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति**<br>राजविराज नगरपालिका, वडा नं.१०, सप्तरी जिल्ला, मधेश प्रदेश<br>फोन न : ०३१-५३०८६५<br>इमेल : rrpsacademy1@gmail.com |
| **प्रस्तावको व्यहोरा** | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिद्वारा प्रस्तावित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल (३०० शय्या) मधेश प्रदेश, सप्तरी जिल्ला, राजविराज नगरपालिका, वडा नं. १० बिरौल स्थित नेपाल सरकारको स्वामित्वमा रहेको ६१ बिगाहा ६ कट्ठा जग्गामा निर्माण तथा सञ्चालन गरिनेछ। प्रस्तावित आयोजना क्षेत्रमा जम्मा ७५ वटा भवनहरु निर्माण गरिने छन् जसको कुल निर्माण क्षेत्रफल ३,३७,६२०.९१ वर्ग मिटर हुनेछ भने दैनिक ८,९३,९५० लिटर भूमिगत पानीको प्रयोग गरिनेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/वडा** | सप्तरी जिल्ला, राजविराज नगरपालिका, वडा नं. १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्थास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितीले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति**<br>ठेगाना : राजविराज नगरपालिका, वडा नं. १०<br>फोन नं : ०३१-५३०८६५<br>ईमेल : rrpsacademy1@gmail.com | |
| **परामर्शदाताको नाम र ठेगाना** | **ग्रीन ग्लोब इन्टरनेशनल प्रा. लि.**<br>काठमाडौं महानगरपालिका-१०, बुद्धनगर<br>फोन नं : ०१-५१४९१११<br>ईमेल : info.greenglobes@gmail.com | **डिजिकोन ईन्जिनियरिङ कन्सल्ट प्रा.लि.**<br>ललितपुर महानगरपालिका-२, सानेपा<br>फोन नं : ०१-५४५४०२८<br>ईमेल : digicondoc@gmail.com |



**मोहन्याल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिमडी कैलाली**
**सुदुर पश्चिम प्रदेश नेपाल**

**NOTICE FOR INVITATION FOR BIDS**

**First date of publication: 2082/02/19**

1. Mohanyal Rural Municpality, Office of the Rural Municipal Executive, Khimadi, Kailali invites electronic Bids for the following works.

| S.N. | Contract ID | Name of Project | Cost of Bid Document | Bid Security Amount | Extimated Cost (Including VAT in Vatable items) |
|---|---|---|---|---|---|
| 1. | MRM/SQ/GOODS/02/2 081/082 | Supply and Delivery of Medicinal and Surgical Goods. | 1000 | Bid security:80,000, Valid upto 90 days form the last date of bid submission | 2900000 |
| 2. | MRM/SQ/GOODS/03/2 081/082 | Supply and Delivery of Sanitary Pads | 1000 | Bid security:40,000, Valid upto 90 days form the last date of bid submission | 1353740 |
| **Deadline for Bid Submission** | | | 2082/03/03, 12:00 PM | | |
| **Date, Time and Place of Bid Opening** | | | 2082/03/03, 2:00 PM | | |
| **Account number for bid Purchase** | | | Name of Bank: Citizens Bank International Ltd.<br>Account Name: Mohanyal Rural Municipality<br>Account Number: 0770100000027201 | | |
| **Account number for Bid Security Deposit** | | | Name of Bank: Citizens Bank International Ltd<br>Account Name: Mohanyal Rural Municipality<br>Account Number: 0770100000024201 | | |

2. Eligible bidders/suppliers may obtain further information and inspect the bidding document by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of bid submission falls on a government holiday, then the nest working day shall be considered as the last date. In such case the validity period of the bid security remain the same as specified for the original last date of bid submission.

**प्रमुख प्रशासकिय अधिकृत**

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अन्नपूर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, काठमाडौं | जेठ २२ | ११:३० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ८ |
| २ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०७८/७९, २०७९/८०, २०८०/८१ | धुम्बाराह भेन्यू, काठमाडौं | जेठ २३ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ९ |
| ३ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | कम्पनीको रजिष्टर्ड कार्यालय विरेन्द्रनगर, सुर्खेत | जेठ २३ | ११:०० | | | सञ्चालकको नियुक्ति/निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ९ |
| ४ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | जेठ २५ | ११:०० | ४.५ | ०.२४ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ११ |
| ५ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | ट्रिपल क्राउन रिसोर्ट, गलौदी, धादिङ्ग | जेठ २५ | १०:३० | | | शेयर संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १२ |
| ६ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | जेठ २६ | ११:०० | ८ | ०.४२१ | हकप्रद शेयर जारी गर्ने निर्णय रद्द गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १६ |
| ७ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | जेठ २९ | ११:०० | २.५ | ०.१३१५७९ | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| ८ | रिलायन्स फाइनान्स लिमिटेड | २०८०/८१ | अनुपम फुड ल्याण्ड एण्ड ब्याङ्क्वेट प्रा.लि. बत्तीसपुतली, गौशाला, काठमाडौं | जेठ २८ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ १४ |
| ९ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार २ | ११:०० | १२ | ०.६३ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २६ |
| १० | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | २०८०/८१ | भरतपुर नगरपालिका उद्योग परिसर, चितवन | असार ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २० |
| ११ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | असार १८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २५ |
| १२ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेशनल लाइफ भवन, केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौं | असार ५ | १०:३० | ५ | १० | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| १३ | शिव श्री हाइड्रोपावर लिमिटेड | २०८०/८१ | अनुपम फुड ल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाडौं | असार ८ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ३० |


## लिलाम विक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८२/०२/१९ गते**

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित विभिन्न शाखाबाट तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले मिति २०८१/९/१४ गतेको आर्थिक अभियान दैनिक, मिति २०८१/८/२७ गतेको नेपाल समाचारपत्र, २०८१/१०/२३ गतेको कारोबार दैनिक र २०८१/१०/११ गतेको आर्थिक अभियान दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तपाँई ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको वा धितो रहेको सवारी साधनहरु तपसिलमा उल्लेखित धितो वापत रहेको सवारी साधनहरु तथा अचल सम्पत्ती समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । साथै यस सूचना बमोजिम धितो लिलाम विक्री हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

### नयाँबजार शाखा :

१) **ऋणी : तिर्थमान श्रेष्ठ (ना.प्र.नं. २०५६८, जारी मिति : २०६२/०४/२७, काठमाडौं)**
बाबु : मोह लाल श्रेष्ठ, बाजे : हिरा मान श्रेष्ठ
ठेगाना : काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३ हाल : काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३

२) **ऋणी : माँ सन्तोषी माता सप्लायर्स (प्रो. तिर्थमान श्रेष्ठ ना.प्र.नं. २०५६८, जारी मिति : २०६२/०४/२७, काठमाडौं)**
**दर्ता नं. : ११४७१८/०७०/०७१, दर्ता मिति : २०७०-०९-०७**
पान नं. : ६०१६००५५९,
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ काठमाडौं
हाल : काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं.पा. ५ हरिसिद्धी

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) तिर्थमान श्रेष्ठ, बाबु : मोह लाल श्रेष्ठ, बाजे : हिरा मान श्रेष्ठ
ठेगाना : काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३
ख) बिल माया नगरकोटी, बाबु : रग्य नगरकोटी, बाजे : चन्द्र बहादुर नगरकोटी
ठेगाना : काठमाडौं जिल्ला, सीतापाइला न.पा. वडा नं. ०६
ग) बुद्ध रत्न श्रेष्ठ, बाबु : मोह लाल श्रेष्ठ, बाजे : हिरा मान श्रेष्ठ
ठेगाना : काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३
घ) इन्द्र माया जोशी, बाबु : पुर्ण बहादुर जोशी, बाजे : बहादुर जोशी
ठेगाना : भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ०२

कर्जा शिर्षक : महालक्ष्मी होम लोन कर्जा, व्यापार आवधिक कर्जा र व्यापार अधिविकर्ष कर्जा

**धितो सुरक्षणको विवरण :**
श्री हिरा मान श्रेष्ठको नाति, मोह लाल श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३, स्थाई ठेगाना भई हाल काठमाडौं जिल्ला, नार्गाजुन न.पा. वडा नं. ०३ बस्ने तिर्थमान श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला काठमाडौं साबिक ईचांगुनारायण गा.वि.स. वडा नं. ०१ स्थित कि.नं. ६० र १५८ को क्षे.फ. १५८.९५ ब.मी. र १३५.१० ब.मी. भएको जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

### निजगढ शाखा :

१. **ऋणी : बीन्दु कुमारी देवी, (ना.प्र.नं. १/१०४४९, जारी मिति : २०५३/११/०६, बारा)**
बाबु : विष्णु देव चौधरी, बाजे : सुर्य नारायण चौधरी
ठेगाना : बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. २

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) बीन्दु कुमारी देवी, बाबु : विष्णु देव चौधरी, बाजे : सुर्य नारायण चौधरी
ठेगाना : बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. २
ख) सुरेन्द्र प्रसाद चौधरी, बाबु : बलिराम चौधरी बाजे : छनहरु खाँ थारु
ठेगाना : बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. २
ग) रुपेश चौधरी, बाबु : सुरेन्द्र प्रसाद चौधरी, बाजे : बलिराम चौधरी
ठेगाना : बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. २

कर्जा शिर्षक : महालक्ष्मी होम ईक्युटी लोन

**धितो सुरक्षणको विवरण :**
श्री सुर्य नारायण चौधरीको नातीनी, विष्णु देव चौधरीको छोरी, बारा जिल्ला, अमाव गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल कोल्हवी न.पा. १० बस्ने बीन्दु कुमारी देवीको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, प्रसौना गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ५८५ र ४५० को क्षे.फ. क्रमश: ०-३-१०-० (तिन कट्ठा दश धुर) र ०-०-१८-० (अठार धुर) को जग्गा तथा उक्त जग्गामा निर्माण भएको घर लगायत सम्पूर्ण लिग लिगापात समेत ।

### चन्द्रनीगाहापुर शाखा :

१) **ऋणी : मेघा मल्टिपर्पोज ट्रेनिङ्ग इन्स्टिच्यूट प्रा.लि (प्रो. रामबाबु प्रसाद साह (ना.प्र.प.नं. ३०३८, जारी मिति : २०५६/०२/०३)**
दर्ता नं. १०९६७३/०६९/७०, दर्ता मिति : २०६९/११/०१
पान नं. ६१३२३८४६९, मिति : २०७६/१२/०४
ठेगाना : जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५,

२) **ऋणी : रामबाबु प्रसाद साह (ना.प्र.प.नं. ३०३८, जारी मिति : २०५६/०२/०३, रौतहट)**
बाबु : रामबृक्ष साह, बाजे : जुगेश्वर साह
ठेगाना : जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५, हाल : जिल्ला रौतहट, गरुडा न.पा. ०४

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) रामबाबु प्रसाद साह, बाबु : रामवृक्ष साह, बाजे : जुगेश्वर साह
ठेगाना : जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५, हाल : जिल्ला रौतहट, गरुडा न.पा. ०४
ख) रिंकु साह, बाबु : राजेश्वर प्रसाद साह, ससुरा : रामबृक्ष साह, पति : रामबाबु प्रसाद साह
ठेगाना : जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५, हाल : जिल्ला रौतहट, गरुडा न.पा. ०४
ग) मेघा कुमारी, बाबु : रामबाबु प्रसाद साह, बाजे : रामबृक्ष साह
ठेगाना : जिल्ला रौतहट, गरुडा न.पा. ०४

कर्जा शिर्षक : महालक्ष्मी उद्यमशिल कर्जा टर्म र महालक्ष्मी उद्यमशिल कर्जा (आर.भि.एल ) हाउजिङ्ग कर्जा टर्म

**धितो सुरक्षणको विवरण :**
१) श्री जुगेश्वर साहको नाती, रामबृक्ष साहको छोरा, जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५, हाल : जिल्ला रौतहट, गरुडा न.पा. ०४, बस्ने रामबाबु प्रसाद साहको नाममा मालपोत कार्यालय मलगंवा सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला सर्लाही औरहि गा.वि.स. वडा नं. ८ख स्थित कि.नं. ३०१ र ३०२ को क्षेत्रफल क्रमश: ०-१-१६ १/२ र ०-१-३ १/२ जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।
२) श्री जुगेश्वर साहको नाती, रामबृक्ष साहको छोरा, जिल्ला रौतहट, बरियारपुर गा.वि.स. वडा नं. ५, हाल जिल्ला रौतहट, गरुडा न.पा. ०४, बस्ने वर्ष ४६ को रामबाबु प्रसाद साहको नाममा मालपोत कार्यालय रौतहट, गरुडामा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रौतहट गरुडा बैरिया गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ३४७ र ३४८ को क्षेत्रफल क्रमश: ०-०-१० र ०-०-१० घर ७६४५ वर्ग फिट घर जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

### दरबारमार्ग शाखा :

१) **ऋणी : डिल बहादुर कार्की, (ना.प्र.नं. : ५२८२/६५१, जारी मिति : २०४१/०५/०१, बाग्लुङ्ग )**
ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६, बौद्ध, काठमाडौं ।

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) डिल बहादुर कार्की, बाबु : नन्द प्रसाद कार्की, बाजे : देवि प्रसाद कार्की
ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६, बौद्ध, काठमाडौं ।
ख) शशी लामा (कार्की), बाबु : गणेश बज्र लामा, पति : दिल बहादुर कार्की, ससुरा : नन्द प्रसाद कार्की
ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.- ६, बौद्ध, काठमाडौं ।
ग) जुठी कुमारी कंवर, बाबु : खड्क बहादुर कंवर, पति : नन्द प्रसाद कार्की, ससुरा : देवि प्रसाद कार्की
ठेगाना : स्थायी बाग्लुङ्ग नरेठाठी गा.वि.स. वडा नं.-२, बाग्लुङ्ग, भई हाल का.म.न.पा. वडा नं.-६, बौद्ध, काठमाडौं ।

कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा टर्म

**धितो सुरक्षणको विवरण :**
श्री खड्क बहादुर कंवरको छोरी, देवि प्रसाद कार्कीको बुहारी, नन्द प्रसाद कार्कीको पत्नि, स्थायी ठेगाना बाग्लुङ्ग जिल्ला, नरेठाठी गा.वि.स. वडा नं.-२, भई हाल काठमाडौं म.न.पा. वडा नं.-६, बौद्ध बस्ने जुठी कुमारी कंवरको नाममा मालपोत कार्यालय कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स. वडा नं.-२ ख, स्थित कि.नं. ७३४, ५१४ र ७३७ को क्षेत्रफल क्रमश: ०-१७-१०-०, ०-१०-०-० र ०-१६-११-० (बि.क.धु.आ.) को जग्गा/घर तथा सोमा रहेको सम्पूर्ण लिगलगापात समेत ।

२) **ऋणी : सृष्टि सुलभ ट्रिलियम मल्टिपल (संचालक : सुवर्ण नेमकुल, ना.प्र.नं. : ३/१२६/०४५/०४६ जारी मिति : २०४६/०१/१८, काठमाडौं)**
दर्ता नं. : २६५८६९/०७८/७९, दर्ता मिति : २०७८/०४/१३
पान नं. : ६१००३५७७७, दर्ता मिति : २०७८/०४/१५
ठेगाना : महालक्ष्मी न.पा. वडा नं. ६, ललितपुर

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) सुवर्ण नेमकुल, बाबु : थिर वीर नेमकुल, बाजे : खडक बहादुर नेमकुल,
ललितपुर जिल्ला, सिद्धिपुर गा.वि स. – १०, हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. – ६, ललितपुर ।
ख) सञ्चालक, महेन्द्र श्रेष्ठ, बाबु : रामधर श्रेष्ठ, बाजे : बुद्धिमान श्रेष्ठ,
काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा.–६, काठमाण्डौ

**संस्थागत जमानी**
**सृष्टि सुलभ ट्रिलियम मल्टिपल (संचालक : सुवर्ण नेमकुल)**
दर्ता नं. : २६५८६९/०७८/७९, दर्ता मिति : २०७८/०४/१३
पान नं. : ६१००३५७७७, दर्ता मिति : २०७८/०४/१५
ठेगाना : महालक्ष्मी न.पा. वडा नं. ६, ललितपुर ।

कर्जाको शिर्षक : ब्यापार कर्जा ओ.डी.

**धितो सुरक्षणको विवरण :**
कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०७८/४/१३ गते दर्ता भई दर्ता नं. २६५८६९/०७८/०७९ ललितपुर जिल्ला महालक्ष्मी महानगरपालिका वडा नं. ६ स्थित अख्तियार प्राप्त संचालक श्री सुर्वण नेमकुल, ना.प्र.नं. ३/१२६/०४५/४६, जारी मिति : २०४६/०१/१८ ललितपुरमा रहेको श्री श्रृष्टी सुलभ ट्रिलियन मल्टिपल प्रा.लि. को नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौमा दर्ता कायम रहेका काठमाण्डौ जिल्ला, धर्मस्थली-१ ख, स्थित कि.नं. ४०५ र ९८ क्षेत्रफल क्रमश: ४३७.१२ र १०३.३२ ब.मी. को जग्गा/घर तथा सोमा रहेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८२/०३/०२ गते सोमबार ( कार्यालय समय भित्र )
**खोलिने मिति :** २०८२/०३/०३ गते मंगलबार ( दिनको ३ बजे )
**स्थान :** महालक्ष्मी विकास बैंक लि.को सम्वन्धीत शाखा कार्यालय

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com


### फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गुडविल फाइनान्स लिमिटेड | ६३६.०८ | १३५३ | ४४६ |
| २ | नेपाल फाइनान्स लिमिटेड | ६२२.३६ | २६१४.९ | ५०५.२ |
| ३ | आइसिएफसि फाइनान्स लिमिटेड | ६१०.५३ | ९१० | ५०४.१ |
| ४ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९४.९२ | ९१७ | ४९७ |
| ५ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ५९४.५१ | ९३६.९ | ४३२.४ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५४०.३६ | १०४१ | ५२८.१ |
| ७ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५२४.४८ | ८२० | ३८० |
| ८ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ४९९.१७ | ८६५ | ३३० |
| ९ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ४९७.३५ | ७९५ | ४११.१ |
| १० | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ४८९.५१ | ७५९ | ३८३ |
| ११ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ४८५.०९ | ९५१.६ | ३९६.९ |
| १२ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ४८४.८६ | १११७.९ | ३३४ |
| १३ | रिलायन्स फाइनान्स लिमिटेड | ४७९.४१ | ८३८ | ३९२.५ |
| १४ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ४६८.३८ | १०८३.३ | ४०० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४११.०७ | ७९४.९ | ३३९.९ |

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २५४४.४१ | २७७८ | ३०१ |
| २ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १७१०.१५ | २४५८.२ | ३०२.५ |
| ३ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ९११.४६ | २४७५ | ९०० |
| ४ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७५७.५६ | १०६० | ५७०.१ |
| ५ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६९६.४४ | ८३१ | ५४२.१ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६३६.९६ | ७७६.१ | ५२८ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५५३.५९ | ७३२.२ | ४७७.१ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५०९.९५ | ६००.१ | ४१५ |
| ९ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ४८९.८१ | ७४४.५ | ४४७.२ |
| १० | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४७८.५१ | ७७४.९ | ४६१.१ |
| ११ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४५४.४७ | ६०६ | ४१२.५ |
| १२ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४३६.८५ | ६४४ | ३९५.१ |
| १३ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४११.१८ | ६०७ | ३६४.१ |
| १४ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४०८.४३ | ६५४ | ४००.२ |


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **PRATIBUDDHA ENTERPRISES PVT. LTD. ले** China बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| SN | DESCRIPTION | CAPACITY | MODEL | BRAND | ORIGIN | UNIT | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | 1 Ton (12000BTU) | KFR-12GW/VJ5BPWA | Chunlan | China | 1 | 58000 |
| 2 | Air Conditioner | 1.5 Ton (18000 BTU) | KFR-18GW/VJ5BPWA | Chunlan | China | 1 | 85000 |
| 3 | Air Conditioner | 2 Ton (24000 BTU) | KFR-24GW/VJ5BPWA | Chunlan | China | 1 | 105000 |

* Note : Price are subject to change without prior notice.

**Importer Name : PRATIBUDDHA ENTERPRISES PVT. LTD.**
**Address : Janabahal, Kathmandu, Nepal** — *PAN No: 609638479*
**Phone No : 9801831137**


### विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २५२८.२५ | २८४२.३ | ४६२.१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १५५१.९९ | २०६० | ५२१.४ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १३५३.१४ | २००१.४ | ४१७ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ९४१.५७ | १६२२.७ | ३१५.२ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ८८६.६७ | १४८२ | ३६८ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६०१.१ | ८४३.५ | ४७५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५९१.२३ | ८३८.२ | ३६७.७ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४६०.९७ | ५६० | ३६७ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४५५.४४ | ५६४.८ | ३६२ |
| १० | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४२०.१२ | ४९७ | ३०३.४ |
| ११ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१३.७८ | ६२५ | ३७३.२ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९८.२१ | ५३१.४ | ३५०.१ |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९३.८ | ४९८ | ३११.७ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६९.४ | ४८२ | ३३६ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३३८.२४ | ४४५ | २७९.१ |

### वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लिमिटेड | ६६३.४८ | ७९० | ५११ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६२८.६७ | ७९० | ५४९ |
| ३ | नबिल बैंक लिमिटेड | ५००.४२ | ७०० | ४५० |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४०९.४९ | ५४९ | २८२.३ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७१.६२ | ५७३ | ३३५.५ |
| ६ | सानिमा बैंक लिमिटेड | ३२३.५२ | ३८२ | २४० |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | ३०४.७२ | ३८० | २३७ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २९९.६ | ४२८.४ | २४९.९ |
| ९ | नेपाल बैंक लिमिटेड | २६१.३४ | ३३७.५ | २०२ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५७.८४ | ३२९ | १९०.१ |
| ११ | एनएमबि बैंक लिमिटेड | २५४.०५ | ३०० | १७९.३ |
| १२ | ग्लोबल आइएमई बैंक लिमिटेड | २४९.२७ | ३०२ | १७० |
| १३ | हिमालयन बैंक लिमिटेड | २३६.२५ | ३१२.१ | १७२.१ |
| १४ | माछापुच्छ्रे बैंक लिमिटेड | २३४.८२ | २९५ | १६४.२ |
| १५ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २३२.६३ | ३०० | १४७.७ |
| १६ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २२२.५५ | २९६ | १६०.१ |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | २२२.४१ | २९५ | १४९.२ |
| १८ | कुमारी बैंक लिमिटेड | २२२.०७ | २७२.९ | १३३.२ |
| १९ | प्रभु बैंक लिमिटेड | २१९.२७ | २९७ | १३७ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४६७८.६५ | २२४९३.९ | १२९१७ |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स क. लि. | १८२२.२७ | २७०३.३ | ३०२.३ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ८४९.५७ | १११३ | ७५६ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि. | ८३३.९२ | १०७६ | ७६० |
| ५ | एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ८०९.२६ | १३८२ | ७३२ |
| ६ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ७८७.९४ | ११६२ | ७४९.७ |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७५०.४१ | ११२० | ६७५ |
| ८ | नेको इन्सुरेन्स लिमिटेड | ७०९.६२ | १०५० | ६८७ |
| ९ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ६७५.२८ | ९२६ | ६५८.२ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लि. | ५९६.२२ | ८३७.३ | ५४५.२ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. | ५६९.१४ | ८१० | ५५५ |
| १२ | सानिमा जिआईसी इन्स्योरेन्स लि. | ५६०.९ | ८१७.१ | ५१६ |
| १३ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५४७.३८ | ७६० | ५०८ |

### होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | १११८.०५ | १३८१ | ९७० |
| २ | तारागाउँ रिजेन्सी होटल्स लि. | ९३४.८६ | १५३८ | ७३५ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ९०६.९३ | १२०५ | ७४० |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८६८.९९ | १३६० | ८३३ |
| ५ | सिटि होटल लिमिटेड | ८३१.२१ | ११६८.५ | ६३५.२ |
| ६ | सोल्टी होटल लिमिटेड | ५७०.८५ | ६३६.५ | ४१६.५ |

### उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४७६२० | ५६८०५.८ | ४०१३८ |
| २ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १२६०० | १८१०० | १२३०० |
| ३ | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. | १४९९.५ | १४९९.५ | २७० |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १२२४.१८ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८५०.५८ | १०६० | ६९६.८ |
| ६ | शिवम् सिमेन्ट्स लिमिटेड | ५२२.९२ | ७७९.९ | ४७०.५ |
| ७ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ५०२.६३ | ६६८ | ४६० |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लि. | ४५८.३९ | ६२४ | ४२५ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १५५४.५१ | १९२६ | ९३१ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १२६६.१ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ९३६.१८ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९२१.४६ | १२६४ | ७६४ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८७४.७५ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४५६.४९ | ६४५ | ३७०.२ |
| ७ | पियोर इनर्जी लिमिटेड | ३५० | ३५० | २८९.३ |

# वैशाखमा ङादी ग्रुप पावरको सर्वाधिक कारोबार

काठमाडौं (अस) । वैशाख महीनामा भएको कुल धितोपत्र कारोबार रकममा ङादी ग्रुप पावरको सर्वाधिक हिस्सा रहेको छ । वैशाख महीनामा कुल १ खर्ब ८० अर्ब रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको थियो । सोमध्ये सर्वाधिक हिस्सा कायम भएको ङादी ग्रुप पावरको ११ अर्ब ३७ करोड रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । कुल कारोबार रकमसँगै कुल कारोबार कित्ता पनि ङादी ग्रुपकै रहेको छ । नेप्सेका अनुसार वैशाख महीनामा उल्लिखित रकम बराबरको ङादी ग्रुप पावरको ३ करोड २० लाख ५३ हजार कित्ता शेयर कारोबार भएको थियो । सर्वाधिक रकमको शेयर कारोबार भएको कम्पनीको शेयर मूल्य वैशाखमा चैतको तुलनामा प्रतिकित्ता ८२ रुपैयाँ ३८ पैसाले बढेको छ । चैत मसान्तसम्म प्रतिकित्ता २८६ रुपैयाँ २४ पैसा रहेको ङादी ग्रुप पावरको शेयर मूल्य वैशाख मसान्तसम्म भने प्रतिकित्ता ३६८ रुपैयाँ ६२ पैसा कायम भएको हो ।

| कम्पनीको नाम | कारोबार रकम रू. दशलाख |
|---|---|
| ङादी ग्रुप पावर लिमिटेड | ११,३७२.३३ |
| राधी विद्युत् कम्पनी लिमिटेड | १०,०४२.३८ |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | ८,४३९.६९ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ७,४६६.९४ |
| यूनिभर्सल पावर कम्पनी लिमिटेड | ७,१२३.९० |
| हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. | ५,४२८.०२ |
| वलेफी हाइड्रोपावर लिमिटेड | ५,२९५.१२ |
| हिमालयन पावर पार्टनर लिमिटेड | ५,१९४.७९ |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ४,३०५.६७ |
| हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट (संस्थापक शेयर) | ४,१९२.८२ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

वैशाखमा सर्वाधिक रकमको कारोबार गर्ने दश कम्पनीहरूको सूचीमा ङादी ग्रुप पावरसँगै राधी विद्युत् कम्पनी, सानिमा माई हाइड्रोपावर, यूनिभर्सल पावर, वलेफी हाइड्रोपावर, हिमालयन पावर पार्टनर रहेका छन् ।

यी बाहेक चौथो नम्बरमा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट रहेको छ भने हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्टको सर्वसाधारणतर्फको शेयर कारोबार सर्वाधिक छैटौं नम्बरमा र यसै कम्पनीको संस्थापक शेयर दशौं नम्बरमा कारोबार भएको छ ।

सर्वाधिक रकमको कारोबार गर्ने कम्पनीको सूचीमा नवौं नम्बरमा भने हिमालयन रिइन्स्योरेन्स रहेको छ । धितोपत्र दोस्रो बजारमा संस्थापक शेयरको कारोबार पछिल्लो महीना बढेको छ । नेप्सेको तथ्यांकलाई हेर्दा चैतको तुलनामा वैशाखमा संस्थापक शेयरको कारोबार करीब २३७ प्रतिशत बढी भएको हो । यो अवस्थामा सर्वाधिक हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको संस्थापक शेयरको ४ अर्ब १९ करोड रुपैयाँभन्दा बढीको कारोबार भएको हो ।

# नेप्से र स्टक ब्रोकर एसोसिएसनको आयोजनामा प्रशिक्षण कार्यक्रम

काठमाडौं (अस) । नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) र स्टक ब्रोकर एसोसिएसन अफ नेपालको संयुक्त आयोजनामा 'पूँजी बजार सुदृढीकरणका लागि प्रविधि, सुशासन र अनुपालन' विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।



गत शुक्रवार सम्पन्न कार्यक्रममा नेप्सेका ९२ कारोबार सदस्य (ब्रोकर र डिलर)का प्रमुख कार्यकारी अधिकृत र सूचना प्रविधि सम्बद्ध कर्मचारीको सहभागिता थियो । नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अध्यक्ष श्रेष्ठले वित्तीय बजारमा नियमन र सुपरिवेक्षणमा राज्यले विशेष महत्त्व दिने बताए ।

बजार सहभागीहरूलाई नियमन र सुपरिवेक्षणका साथै क्षमता अभिवृद्धि गर्न यस प्रकारका कार्यक्रम पनि निरन्तर सञ्चालन हुनुपर्ने धारणा अध्यक्ष श्रेष्ठले राखे ।

कार्यक्रमको सभापतित्व गरेका नेप्सेका प्रमुख कार्यकारी अधिकृत चूडामणि चापागाईंले प्रविधि, सुशासन र अनुपालन हाल पूँजीबजारको सबैभन्दा महत्त्वपूर्ण विषय भएकाले त्यसलाई ध्यानमा राखी कार्यक्रमको आयोजना गरिएको बताए । यसबाट लगानीकर्तालाई सहज, सुरक्षित र विश्वसनीय कारोबार सेवा प्रदान गर्न सहयोग मिल्ने अपेक्षा समेत उनले गरे । सहआयोजक संस्था स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकालले पूँजीबजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड र बजार सञ्चालक नेप्सेमा पछिल्लो समयमा देखिएका सकारात्मक परिवर्तनको चर्चा गरे । उनले पूँजीबजार सुदृढीकरणका लागि सम्बद्ध सबै निकायले एउटै धारणा लिएर अगाडि बढ्नुपर्ने बताए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले धितोपत्र बजारमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी गतिविधिमा लगानी नियन्त्रणसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

यसैगरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका उपप्रबन्धक योगराज जोशीले कारोबार राफसाफ तथा फछ्र्योट, नेप्सेका सहायक आइटी प्रबन्धक निशा तिमिल्सिनाले नट्स सञ्चालन, नेप्सेका सहायक आइटी प्रबन्धक निरञ्जन सिंह नायकले टिएमएस सञ्चालन, नेप्सेका सहायक प्रबन्धक गिरिराज दाहालले दोस्रो बजारसम्बन्धी कानूनी व्यवस्था र नेप्सेका कामु नायब प्रमुख कार्यकारी अधिकृत निरञ्जन फुयालले समग्र दोस्रो बजार कारोबार सम्बन्धमा कार्यपत्र प्रस्तुत गरेका थिए । नेप्सेका प्रबन्धक लीलाधर सुवेदीले स्वागत मन्तव्य राखेका थिए भने वरिष्ठ अधिकृत सन्तोष आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए ।

# पहिलो दिन १ हजारले दिए निफ्राको ऋणपत्र खरीदका लागि आवेदन

काठमाडौं (अस) । नेपालमै पहिलो पटक नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) ले जेठ १८ गते देखि ग्रीन बण्ड जारी गरेको छ । कम्पनीले ७ वर्ष अवधिको वार्षिक ६ प्रतिशत ब्याजदरमा 'निफ्रा हरित उर्जा ऋणपत्र ६ प्रतिशत २०८८/८९' निष्कासन गरेको हो । पहिलो दिन १ हजार जना आवेदकहरूले ५१ हजार ८९६ कित्ता ऋणपत्र खरीदका लागि आवेदन दिएको जानकारी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सीडीएससी) ले दिएको छ ।

कम्पनीले प्रतिऋणपत्र १ हजार रुपैयाँ अंकित मूल्यका ५ अर्ब रुपैयाँ बराबरको ५० लाख कित्ता ऋणपत्र विक्री गर्न लागेको हो । कुल कित्ता ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात् ३ अर्ब रुपैयाँ बराबरको ३० लाख कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट विक्री गरिनेछ भने बाँकी ४० प्रतिशत अर्थात् २ अर्ब रुपैयाँ बराबरको २० लाख कित्ता ऋणपत्र भने सर्वसाधारणमा विक्री गरिनेछ । सर्वसाधारणतर्फको कुल कित्ता ऋणपत्रमध्ये सामूहिक लगानी कोषका लागि १ लाख कित्ता बाँडफाँट गरी बाँकी १९ लाख कित्ता ऋणपत्र भने सार्वजनिक निष्कासनमा आएको हो ।

सार्वजनिक निष्कासनमा आएको ऋणपत्र खरीदका लागि लगानीकर्ताहरूले न्यूनतम २५ कित्तादेखि अधिकतम १० लाख कित्तासम्म माग गर्न सक्नेछन् । निष्कासन अवधि जेठ २१ गतेसम्मका लागि तय गरिएको छ भने सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा असार १ गतेसम्म निष्कासनमा रहनेछ । ऋणपत्र निष्कासन तथा विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ ।

# शिव श्री हाइड्रोपावरले बोलायो साधारणसभा

काठमाडौं (अस) । शिव श्री हाइड्रोपावर लिमिटेडले असार ८ गते वार्षिक साधारणसभा बोलाएको छ ।

जेठ १६ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाडौंमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ । सञ्चालक नियुक्तिका सम्बन्धमा पनि सभाले आवश्यक निर्णय गर्नेछ ।

सभा प्रयोजनका लागि कम्पनीले जेठ ३० गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा जेठ २९ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

# चालू आर्थिक वर्ष यता ४ लाख ६४ हजारभन्दा बढी डिम्याट खाता थपिए

काठमाडौं (अस) । धितोपत्र कारोबारका लागि अनिवार्य रहेको हितग्राही खाता (डिम्याट) को संख्या ६७ लाख ८८ हजार ५४३ कायम भएको छ । सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सीडीएससी) का अनुसार जेठ १८ गतेसम्मको तथ्यांकअनुसार उल्लिखित संख्यामा डिम्याट खाता खोलिएको हो । चालू आर्थिक वर्ष यता ४ लाख ६४ हजार ५४३ डिम्याट खाता खोलिएको जानकारी सीडीएससीले दिएको छ । गत आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म डिम्याट खाताको संख्या ६३ लाख २४ हजार रहेको थियो ।

अघिल्लो आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म ५७ लाख ५१ हजार ३४४ ओटा डिम्याट खाता खोलिएकोमा गत आर्थिक वर्षमा ५ लाख ७२ हजारभन्दा बढी डिम्याट खाता थप भएको तथ्यांकले देखाएको छ । पछिल्ला वर्षमा भने डिम्याट खाता थपिने क्रम घटेको छ भने निष्क्रिय हुने क्रम बढेको छ ।

हाल ५८ लाख ५२ हजार २२ ओटा मेरो शेयर खाता खोलिएकोमा ४० लाख ६७ हजार ९९० ओटा मात्र प्रयोगमा रहेको जानकारी सीडीएससीले दिएको छ । यस आधारमा सक्रिय डिम्याट खाता हुनेले मात्र मेरो शेयर खाता प्रयोग गरिरहेका हुन्छन् । एक व्यक्तिको एकभन्दा बढी अर्थात् तीन ओटासम्म डिम्याट खाता रहेको पाइएकाले पनि निष्क्रिय डिम्याट खाताको संख्या बढी रहेको अनुमान मर्चेन्ट बैंकरहरूले गरेका छन् । निष्क्रिय खाताको उचित व्यवस्थापन गर्न सके डिम्याट खाताको प्रभावकारी कार्यान्वयन हुने विश्वास पनि मर्चेन्ट बैंकरहरूको छ ।

| आर्थिक वर्ष र डिम्याट खाता संख्या | |
|---|---|
| चालू आर्थिक वर्ष २०८१/८२ यता जेठ १८ गतेसम्म | ६,७८८,५४३ |
| गत आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म | ६,३२४,००० |
| चालू आर्थिक वर्ष यता थपिएका | ४६४,५४३ |

स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सीडीएससी)

आर्थिक वर्ष २०७६/७७ सालको अन्तिमसम्म डिम्याट खाताको संख्या १७ लाख ८ हजारभन्दा बढी मात्र थियो । त्यसको पछिल्लो आर्थिक वर्ष २०७७/७८ को अन्तिमसम्ममा डिम्याट खाताको संख्या ३७ लाख २६ हजारभन्दा बढी कायम भएको थियो । उक्त वर्ष २० लाख १८ हजारभन्दा बढी डिम्याट खाता थपिएका थिए । आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी डिम्याट खाता थप भएको थियो । त्यसपछिको आर्थिक वर्ष २०७८/७९ मा पनि १५ लाख ५० हजारभन्दा बढी डिम्याट खाता खोलिएको तथ्यांकले देखाउँछ । आर्थिक वर्ष २०७८/७९ को अन्तिमसम्म भने डिम्याट खाताको संख्या ५२ लाख ७७ हजारभन्दा बढी कायम भएको थियो ।

धितोपत्र कारोबारलाई प्रविधिमैत्री बनाउने उद्देश्य सहित २०७३ साल साउन १ गतेदेखि डिम्याट खाता अनिवार्य गरिएको थियो । सार्वजनिक निष्कासनमा आएका धितोपत्र खरीदका लागि आवेदन दिंदा लगानीकर्ताले डिम्याट खाता अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था उक्त समयमा गरिएको थियो । अनिवार्य डिम्याटको व्यवस्था उपत्यकाका लागि साउन १ गतेदेखि र उपत्यका बाहिरका लगानीकर्ताको लागि माघ १ गतेदेखि अनिवार्य रूपमा लागू गरिएको थियो ।

### सच्चाईएको सूचना

मिति २०८२ जेष्ठ १६ गते यस दैनिकको पृष्ठ ६ मा प्रकाशित छथर गाउँपालिकाको लम्बु खोला सौर्य लिफ्टिंग सिंचाई तथा खानेपानी आयोजनाको IEE को सार्वजनिक सुनवाई सूचनामा वडा नं. ६ हुनुपर्नेमा भुलबस वडा नं. १ भएकोले सच्याइएको छ ।

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका विकास बैंक समूहको कम्पनी**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सालपा विकास बैंक | १,७२३,८८० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८२ वैशाख २३ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्गस लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

**लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ १४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्गस लिमिटेड | २५०९.०८ | २७३० | ८६३ |
| २ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २००३.३९ | २१५९ | ५६५ |
| ३ | नागरिक लगानी कोष | १९१०.४६ | २७०० | १८८७ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १२३५.६७ | १८१६ | ८८० |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १११२ | १४५३.५ | ८८० |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | २९६.४५ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २८०.०६ | ३६६.६ | १८८.१ |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | विकाश हाइड्रोपावर कम्पनी लिमिटेड |
|---|---|
| दिन | २०८२ जेठ १८ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ३ लाख ५४ हजार ५५० |
| आवेदक संख्या | ६१ हजार ४८८ |
| आवेदन परेको कित्ता | १४ लाख ३० हजार ७४० |
| आवेदन परेको रकम | १४ करोड ३० लाख ७४ हजार |
| निष्कासनको तुलनामा माग | ४.०३ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ जेठ २० गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**आईपीओ अपडेट**

| कम्पनी | ट्रेड टावर लिमिटेड |
|---|---|
| दिन | २०८२ जेठ १८ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ३२ लाख ९६ हजार ५०५ |
| आवेदक संख्या | १७ लाख २० हजार ३४३ |
| आवेदन परेको कित्ता | २ करोड ५ लाख ६८ हजार ८० |
| आवेदन परेको रकम | २ अर्ब ५ करोड ६८ लाख ८ हजार |
| निष्कासनको तुलनामा माग | ६.२३ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८२ जेठ १९ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
SUN NEPAL LIFE INSURANCE COMPANY LTD.
रजिष्टर्ड कार्यालय : का.म.न.पा वडा नं. २९, सिम्खडा प्लाजा, पुतलीसडक
टेलिफोन नं.: ०१-४५३६१२६/४५३६१२७/४५३६१२८
Email: info@snlic.com | Web: www.sunlife.com.np
को

**हकप्रद शेयर निष्काशन तथा बिक्री खुला अवधि थप गरिएको बारेको सूचना !**

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०८२/०१/०५ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर ०.२७ कित्ता शेयर (१:०.२७) को अनुपातमा रु.१००/– अङ्कित दरको १,०६,९६,३२० कित्ता हकप्रद साधारण शेयरको मिति २०८२ बैशाख ३० गतेदेखि मिति २०८२ जेठ १९ गतेसम्मका लागि निष्काशन तथा बिक्री खुला गरिएकोमा मागबमोजिम आवेदन प्राप्त नभएकोले कम्पनीको स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को दफा "र" मा भएको व्यवस्थाअनुसार यस हकप्रद शेयरको बिक्री खुला अवधि **मिति २०८२ असार ०३ गते बैंकिङ्ग समयसम्मका** लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु |
|---|---|
| १ | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि., लेखनाथमार्ग, ठमेल, काठमाडौं । |
| २ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कामनपा २९, सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं |
| ३ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, बिराटनगर |
| ४ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, विरगञ्ज |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, पोखरा |
| ६ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, बुटवल |
| ७ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नेपालगञ्ज |
| ८ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, सुर्खेत |
| ९ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, धनगढि |
| १० | नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु |

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sunlife.com.np र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि.को वेभसाइट www.nsmbl.com.np बाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०१/१२ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटः www.nsmbl.com.np वा निष्काशन कम्पनीको वेवसाइटः www.sunlife.com.np मा पनि हेर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथ मार्ग, ठमेल, काठमाडौं ।
फोन : ९७७-१-४५१२७४३, ४५३५६७१, ४५४१७८०
इमेलः info@nsmbl.com.np
वेवसाइटः https://nsmbl.com.np

**नीलकण्ठ नगरपालिका**
**धादिङ, बाग्मती प्रदेश, नेपाल**

**नीलकण्ठ नगरपालिका स्थित आँखु खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१९)

बाग्मती प्रदेश, धादिङ जिल्ला, नीलकण्ठ नगरपालिकामा आँखु खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : धादिङ, बाग्मती प्रदेश, नेपाल । |
| प्रस्तावको व्यहोरा | धादिङ जिल्ला, नीलकण्ठ नगरपालिकामा आँखु खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले दैनिक रुपमा १०० घ.मि. देखि ३०० घ. मी. सम्म संकलन गर्नु उत्खनन् तथा संकलन कार्य गर्ने । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | धादिङ जिल्ला, नीलकण्ठ नगरपालिका वडा नं १० |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नाम : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः धादिङ, बाग्मती प्रदेश, नेपाल<br>फोन : ०१०-५२०५६८<br>Email : neelakanthamun@gmail.com | नाम : एडन इन्जीनियरिङ सोलुसन प्राइभेट लिमिटेड<br>ठेगाना : काठमाण्डौं ।<br>फोन : +९७७-९८४६५०५३०३<br>Email : addoncivil@gmail.com |

साथै राय सुझाव लिन आवश्यक भएकोले निम्न, मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेको हुदा सम्पुर्ण सरोकारवालालाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०२/२२ | दिउसो २ बजे । | नीलकण्ठ नगरपालिका वडा नं. १० |

**नीलकण्ठ नगरपालिका**
**धादिङ, बाग्मती प्रदेश, नेपाल**

**नीलकण्ठ नगरपालिका स्थित थोपल खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१९)

बाग्मती प्रदेश, धादिङ जिल्ला, नीलकण्ठ नगरपालिकामा थोपल खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले उत्खनन् तथा संकलन कार्य गर्ने प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : धादिङ, बाग्मती प्रदेश, नेपाल । |
| प्रस्तावको व्यहोरा | धादिङ जिल्ला, नीलकण्ठ नगरपालिकामा थोपल खोलाबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) दिगो र वातावरण मैत्री रुपले दैनिक रुपमा १०० घ.मि. देखि ३०० घ. मी. सम्म संकलन गर्नु उत्खनन् तथा संकलन कार्य गर्ने । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | धादिङ जिल्ला, नीलकण्ठ नगरपालिका वडा नं २, ३, ४, ७, ८ ,१२ र १४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नाम : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः धादिङ, बाग्मती प्रदेश, नेपाल<br>फोन : ०१०-५२०५६८<br>Email : neelakanthamun@gmail.com | नाम : नव्य टेक्नोलोजी प्राइभेट लिमिटेड<br>ठेगाना : काठमाण्डौं ।<br>फोन : +९७७-९८४१०९९१५७<br>Email : navya.technology@gmail.com |

साथै राय सुझाव लिन आवश्यक भएकोले निम्न, मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेको हुदा सम्पुर्ण सरोकारवालालाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०२/२२ | बिहान ९ बजे । | नीलकण्ठ नगरपालिकाको कार्यालय |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, १९ जेठ २०८२ | Monday, 2 June 2025
आर्थिक अभियान



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**आइतवार ललितपुरको जाउलाखेलमा भोटो जात्राको क्रममा भोटो प्रदर्शन गर्दै गुठी संस्थानका प्रतिनिधि । उपस्थितिमा वर्षा र सहकालका देवताका रूपमा मानिने रातो मच्छिन्द्रनाथको रथजात्राको अन्तिम दिन ललितपुरको जाउलाखेलमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा भोटो जात्रा मनाइएको छ । भोटो देखाएसँगै रातो मच्छिन्द्रनाथको रथयात्रा सम्पन्न भएको छ ।**

गरगहनामा लागू विलासिता कर र भ्याटमा व्यवसायीको आपत्ति

# सुनका सबैखाले गरगहनामा कर र भ्याट खारेजीको माग

**अभियान संवाददाता**

काठमाडौं

सुनचाँदी तथा हीरा पत्थरका गरगहनाको व्यवसायमा सरकारले ल्याएको कर नीतिप्रति यससँग सम्बन्धित व्यवसायीले मिश्रित धारणा सार्वजनिक गरेका छन् । आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा सरकारले यस्ता वस्तुमा विलासिताको कर र मूल्य अभिवृद्धि कर (भ्याट) लागू गरेको भन्दै व्यवसायीले यसको विरोध गरेका छन् भने अन्य बन्डेड वेयरहाउसको सुविधा र विदेशबाट फर्किंदा नेपाली नागरिकले ल्याउने सुनका गहनाको परिमाणप्रति सकारात्मक धारणा सार्वजनिक गरेका छन् ।

नेपाल हस्तकला महासंघका अध्यक्ष रवीन्द्र शाक्य, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनार र नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष दियेशरत्न शाक्यले आइतवार संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गरेर यस्तो धारणा सार्वजनिक गरेका हुन् । 'वैदेशिक रोजगारीबाट फर्कने आम नेपाली नागरिकले झिटीगुन्टाबापत ल्याउने सुन तथा सुनका गहनाको परिमाणसम्बन्धी व्यवस्था स्वागतयोग्य छ,' विज्ञप्तिमा भनिएको छ, 'निर्यातमुखी उद्योगलाई बन्डेड वेयरहाउस सुविधा उपलब्ध गराउने तथा ५० प्रतिशत अग्रिम भुक्तानी भएको अवस्थामा आवश्यक सुनचाँदी उपलब्ध गराउने अलग व्यवस्था गरिदिने प्रतिबद्धता पनि सकारात्मक छ ।'

व्यवसायीको विरोध हुँदाहुँदै पनि सरकारले अघिल्लो वर्ष १० लाख रुपैयाँभन्दा माथिका गरगहनामा विलासिता कर लागू गरेको थियो । 'तर आगामी आर्थिक वर्षको बजेटबाट सीमा नतोकी सम्पूर्ण गहनामा लागू गरिएको २ प्रतिशत विलासिता कर र हीरा तथा बहुमुल्य पत्थर जडित गहनामा लागू गरिएको १३

**नयाँ कर संरचनाले उपभोक्तामाथि २ देखि १३ प्रतिशतसम्मको प्रत्यक्ष आर्थिक भार थप्ने व्यवसायीले बताएका छन् । यसले बजारमा महँगी थपिने र छिमेकी देशको बजारमा भन्दा अत्यधिक मूल्य वृद्धि भई चोरीपैठारी तथा अवैध कारोबारलाई समेत दुरूत्साहन गर्ने खतरा रहेको औंल्याइएको छ ।**

प्रतिशत भ्याटप्रति हाम्रो गहिरो आपत्ति छ,' जारी विज्ञप्तिमा भनिएको छ ।

सरकारले लागू गर्न खोजेको नयाँ कर संरचनाले उपभोक्तामाथि २ देखि १३ प्रतिशतसम्मको प्रत्यक्ष आर्थिक भार थप्ने व्यवसायीले बताएका छन् । यसले बजारमा महँगी थपिने र छिमेकी देशको बजारमा भन्दा अत्यधिक मूल्य वृद्धि भई यसले चोरीपैठारी तथा अवैध कारोबारलाई समेत दुरुत्साहन गर्ने खतरा रहेको औंल्याइएको छ । सुनचाँदी तथा हीरा पत्थर जडित गहनाको कारोबारमा फिर्ता विक्री ग्यारेन्टी अनिवार्य भएकाले बजार कायम राख्न विक्री मूल्य र खरीद मूल्यमा कमभन्दा कम फरक हुनुपर्ने धारणा राखिएको छ ।

सम्बन्धित संघहरूले सबै प्रकारका सुन तथा सुनका गहनामा लागू गरिएको विलासिता कर र हीरा जवाहरात जडित गहनामा लागू गरिएको मूल्य अभिवृद्धि कर तत्काल पुनरवलोकन तथा खारेज गर्न माग गरेका छन् । यस्तै सुनचाँदीको कारोबारलाई दीर्घकालीन रूपमा प्रोत्साहन गर्न चाँडोभन्दा चाँडो ऐन, नियम तथा नीतिहरू निर्माण गर्न, कर संरचना परिवर्तन गर्नुपूर्व मौजुदा व्यवसाय, रोजगारी तथा बजारमा पर्ने दूरगामी प्रभावहरूको विस्तृत अध्ययन गर्न र त्यसविना करको दायरा नबढाउन उनीहरूले माग गरेका छन् ।

नेपाल राष्ट्र बैंकबाट जारी गरिएको परिपत्र अनुसार बैंकहरूबाट निकासा हुनुपर्ने साना उद्योगका लागि १०० तथा २०० ग्रामको सुन आपूर्ति नभएकाले सानो सानो परिमाणमा सुनका गरगहना निकासी गर्न नसकिएको बताइएको छ । यसतर्फ ध्यान दिन र निर्यातमा २ दशमलव ५ प्रतिशत टीडीएस लाग्ने व्यवस्था खारेज गर्नसमेत सरकारसँग माग गरिएको छ ।

# राहुघाट आयोजना ८१ प्रतिशत सम्पन्न

## भारतीय राजदूतसहितको टोलीले गऱ्यो निरीक्षण

**ध्रुवसागर शर्मा**

म्याग्दी

म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको निर्माण ८१ प्रतिशत सम्पन्न भएको छ । आइतवार आयोजना स्थलको भ्रमणमा पुगेका नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसहितको टोलीलाई आयोजनाको प्रगतिबारे जानकारी गराइएको हो ।



रघुगंगा गाउँपालिका क्षेत्रमा निर्माण भइरहेको उक्त आयोजना नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर लिमिटेडमार्फत निर्माण गरिँदैछ ।

स्थलगत निरीक्षणका क्रममा कार्यप्रगति, कार्यस्थलको अवस्था, निर्माणमा देखिएका समस्या तथा समयमै सम्पन्न गर्न आवश्यक सहजीकरणबारे ठेकेदार कम्पनीका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि लगायतसँग छलफल तथा अन्तरक्रिया गरिएको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए ।

कुल अनुमानित लागत रू. ९ अर्ब १७ करोड २६ लाख रहेको यस आयोजनामा भारतको एक्जिम बैंकबाट ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण उपलब्ध गराएको छ । बाँकी लगानी नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणले गर्ने अध्यक्ष भण्डारीले बताए ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार आयोजना यसै वर्षको पुस महीनासम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आयोजना दुई लटमा विभाजन गरी निर्माण भइरहेको छ । लट १ अन्तर्गत बाँध, इन्टेक, डिस्याण्डर, सुरुङ (टनेल), सर्ज साफ्ट, प्रेसर साफ्ट, विद्युत्गृह आदि संरचना समावेश छन् । यस कार्यका लागि भारतको जयप्रकाश एसोसियट्स लिमिटेडसँग ठेक्का सम्झौता भई कार्य भइरहेको छ ।

लट २ अन्तर्गत टर्बाइन, जेनेरेटर, ट्रान्सफर्मर लगायतका उपकरण आपूर्ति र जडान कार्य भइरहेको छ । यसका लागि भारतको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेडसँग सम्झौता गरिएको छ । उत्पादित विद्युत् दाना-कुस्मा २२० केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रणालीमा जोडिनेछ । सो प्रसारण लाइनको निर्माण सम्पन्न भइसकेको जानकारी दिइएको छ ।

रघुगंगा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झीँको सीमाना क्षेत्रमा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्ध जलाशययुक्त बाँध निर्माण सकिएको छ । तिल्केनीचौरमा रहेको विद्युत्गृह संरचना निर्माण अन्तिम चरणमा पुगेको छ ।

यस्तै घुमाउनेतालदेखि विद्युत्गृह र बाँधसम्म ११ किलोमिटर लामो पहुँचमार्ग तथा ट्रस प्रविधिको मोटरेबल पुल निर्माण गरी आयोजना स्थललाई सीधा सडक सञ्जालमा जोडिएको छ ।

# कर्णाली डेभलपमेन्ट बैंकका संस्थापक अध्यक्ष राय पक्राउ

काठमाडौं (अस) । बचतकर्ताको साढे दुई अर्ब रुपैयाँभन्दा बढी हिनामिना गरी फरार कर्णाली डेभलपमेन्ट बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर राय पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रवक्ता एवं प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार उनलाई रूपन्देहीको सिद्धार्थनगर नगरपालिका वडा नं १ बेलहिया नाकाबाट शनिवार पक्राउ गरिएको हो ।

उनीविरुद्ध बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गतको कसुरमा अनुसन्धानसमेत भइरहेको प्रहरीले जानकारी दिएको छ । उनलाई बाँके जिल्ला अदालत लैजाने तयारी भएको प्रहरीले जानकारी दिएको छ ।

गत पुसमा नेपाल राष्ट्र बैंकले सो बैंकको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएपछि उनी फरार थिए । त्यसयता उनी नेपाल र भारत ओहोरदोहोर गरिरहेका थिए ।

खराब कर्जा झन्डै ५० प्रतिशत पुगेको र निक्षेपको दायित्व भुक्तानी गर्न नसक्ने अवस्था देखिएको भन्दै राष्ट्र बैंकले सो बैंकलाई समस्याग्रस्त घोषणा गरी बैंकको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको थियो। त्यसपछि सो बैंकमा देखिएको समस्याबारे अनुसन्धान थालिएको थियो । उनले नक्कली ऋणी बनाएर बैंकको रकम हिनामिना गरेको देखिएको प्रहरी उपरीक्षक खड्काको भनाइ छ ।

# प्रधानमन्त्री ओलीद्वारा ६४ आयोजनाको शिलान्यास

**मो. इन्तेखाब आलम**

जनकपुरधाम

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सरकारका महत्त्वाकांक्षी तथा ठूलो लगानीका ६४ ओटा पक्की सडक योजनाको शिलान्यास गर्नुभएको छ । मधेश प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयले आइतवार जनकपुरधाममा आयोजना गरेको विशेष समारोहमा प्रधानमन्त्री ओलीले डिजिटल प्रविधिमार्फत उक्त संख्याका आयोजनाको शिलान्यास गर्नुभएको हो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले मधेश प्रदेशको विकासका लागि संघ सरकार दृढ रहेको बताउनुभयो । जनकपुरको रेल सेवामा घाटा अन्त्य र आफ्नै दक्ष जनशक्तिको विकास गरिने उहाँको भनाइ छ । चुरे संरक्षण, कृषिमा आधुनिकीकरण, युवा लक्षित कार्यक्रम, शिक्षा-स्वास्थ्यमा विशेष ध्यान, जनकपुरमा रंगशालाको निर्माण, छोरी पढाऔं अभियानजस्ता काममा गुणस्तर कायम गर्दै प्राथमिकता दिन प्रमको आग्रह छ ।

यसैगरी प्रधानमन्त्री ओलीले सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजनामा ढिलाइ भए ठेक्का तोडिने चेतावनी दिनुभयो । कुनै पनि परियोजनामा ढिलासुस्तीले त्यसको लागत बढ्ने र लाभान्वित समूह पनि प्रभावित भई विकास र समृद्धिमा बाधा उत्पन्न हुने उहाँको भनाइ थियो । मधेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयका अनुसार अब मधेश प्रदेशअन्तर्गत आठ जिल्लाका ६४ ओटा प्रादेशिक निर्वाचन क्षेत्रमा ५ किलोमिटरका दरले ३२० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ । ३ वर्षभित्र सम्पन्न गर्ने कालोपत्रसहितको पक्की सडक निर्माणका लागि १२ अर्ब ७० करोड रुपैयाँ खर्च हुने प्रदेश सरकारले जनाएको छ ।

**मधेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयका अनुसार अब मधेश प्रदेशअन्तर्गत आठ जिल्लाका ६४ ओटा प्रादेशिक निर्वाचन क्षेत्रमा ५ किलोमिटरका दरले ३२० किलोमिटर लम्बाइको पक्की सडक निर्माण हुनेछ ।**

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले स्रोत सुनिश्चित भई पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भइसकेको जानकारी दिए । अब सडक निर्माणले तीव्रता पाउने उनले बताए । निर्माण हुने सडकको चौडाइ साढे ५ देखि ७ मिटर हुनेछ । सडकसँगै प्रदेशका ६४ ओटै निर्वाचन क्षेत्रमा एक/एकओटा पक्की पुल निर्माणका लागि प्रक्रिया शुरू भइसकेको मन्त्रालयले जनाएको छ । शिलान्यास भएका योजनाहरूले मधेश प्रदेशमा सडक पहुँच अभावमा रहेका गाउँलाई यातायात सञ्जालमा जोड्ने, व्यापार-व्यवसाय प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनको बजारीकरणमा सघाउ पुऱ्याउने मन्त्री यादवले बताए ।

# काठमाडौं मेरियटका प्रबन्ध निर्देशक गौरव अग्रवालद्वारा लोबुचे हिमालको आरोहण

काठमाडौं (अस) । प्रतिष्ठित उद्यमी तथा काठमाडौं मेरियट होटलका प्रबन्ध निर्देशक गौरव अग्रवालले लोबुचे हिमालको सफल आरोहण गरेका छन् । उनले लोबुचे हिमालका दुई प्रमुख शिखरमध्ये ६ हजार ११९ मिटर अग्लो 'लोबुचे पूर्व' शिखरको सफल आरोहण गरेका हुन् । उक्त हिमालको 'लोबुचे पश्चिम' शिखर ६ हजार १४५ मिटर अग्लो छ ।



नेपाल पर्वतारोहण संघले 'लोबुचे पूर्व'लाई 'ट्रेकिङ शिखर'को रूपमा र 'लोबुचे पश्चिम'लाई 'अभियान शिखर'को रूपमा वर्गीकरण गरेको छ ।

सफल हिमाल आरोहणपछि उनलाई मारवाडी सेवा समितिले बधाइ ज्ञापन गरेको छ । अग्रवाल मेरियट होटलका प्रबन्ध निर्देशकसँगै शिखर इन्स्योरेन्स लिमिटेडका अध्यक्ष हुन् भने एभरेष्ट हस्पिटालिटी एण्ड होटल प्रालिका पनि प्रबन्ध निर्देशक हुन् ।

# दक्षिण कोरियाको निर्यातमा ह्रास

काठमाडौं । दक्षिण कोरियाको निर्यातमा मे महीनामा पहिलोपटक चार महीनापछि ह्रास आएको छ जसको मुख्य कारण अमेरिका र चीनतर्फको आपूर्तिमा आएको कमी मानिएको रोयटर्सको समाचार छ । अमेरिका र चीन विश्वका सबैभन्दा ठूला बजार हुन् । एसियाको चौथो ठूलो अर्थतन्त्रका रूपमा रहेको दक्षिण कोरियाबाट मे महीनामा कुल ५७ दशमलव २७ अर्ब अमेरिकी डलर बराबरको सामान निर्यात भएको सरकारी तथ्यांक छ । जुन गतवर्षको सोही अवधिको तुलनामा १ दशमलव ३ प्रतिशत कम हो । यो ह्रास अपेक्षाकृत कम भए पनि व्यापार मन्त्रालयले यसलाई चिन्ताजनक संकेतको रूपमा लिएको रोयटर्सले उल्लेख गरेको छ । दक्षिण कोरियाका उद्योग तथा व्यापारमन्त्री आन डुक-गुनले भने, 'संयुक्त राज्य अमेरिका र चीनतर्फको निर्यात घट्नुको अर्थ अमेरिकी ट्यारिफले हाम्रो निर्यात मात्र होइन, समग्र विश्व अर्थतन्त्रमा प्रभाव पार्न थालेको छ ।'

अघिल्लो महीनाहरूमा मेमोरी चिप्सको बलियो विक्रीले निर्यातमा कमी रोकेको थियो । तर मे महीनामा उक्त प्रभाव पर्याप्त देखिएन । यद्यपि रोयटर्सद्वारा गरिएको अर्थशास्त्रीहरूको सर्वेक्षणमा अनुमान गरिएको २ दशमलव ७ प्रतिशत कमीको तुलनामा वास्तविक गिरावट कम भएको हो । कार्यदिवसको आधारमा समायोजन गर्दा निर्यातमा १ प्रतिशतको वृद्धि समेत देखिएको छ ।

मे महीनामै अमेरिका र चीनबीच ९० दिने युद्धविरामको सहमति भएको थियो, जसमा एक-अर्कामाथि लगाइएका केही महसुलहरू फिर्ता लिइएका थिए । तर, राष्ट्रपति ट्रम्पले त्यसपछि चीनमाथि सम्झौता उल्लंघन गरेको आरोप लगाउँदै स्टील र एल्युमिनियममा विश्वव्यापी महसुल दोब्बर गर्ने चेतावनी दिएका छन् । दक्षिण कोरियामाथिको २५ प्रतिशत महसुल पनि हाललाई ९० दिनका लागि स्थगन गरिएको छ ।

गत महिनामा दक्षिण कोरियाबाट अमेरिकातर्फको निर्यात ८ दशमलव १ प्रतिशतले घटेको छ भने चीनतर्फको निर्यात ८ दशमलव ४ प्रतिशतले घटेको देखिएको छ । यूरोपेली संघतर्फको निर्यातमा ४ प्रतिशत वृद्धि भएको छ, जबकि दक्षिणपूर्वी एसियाली मुलुकहरूमा १ दशमलव ३ प्रतिशतको कमी देखिएको छ । ताइवानतर्फ भने निर्यातमा उल्लेखनीय ४९ दशमलव ६ प्रतिशतको वृद्धि भएको छ ।

चिप्सको निर्यातमा २१ दशमलव २ प्रतिशतको तीव्र वृद्धि भएको छ, विशेषतः अत्याधुनिक मेमोरी चिप्सको उच्च मागका कारण । तर, अमेरिकी ट्यारिफ र अमेरिकी राज्य जर्जियामा ह्युन्दे मोटर्सको नयाँ कारखाना शुरू भएपछि कार निर्यातमा ४ दशमलव ४ प्रतिशतको ह्रास आएको छ ।

## मानव बेचबिखनजन्य कार्यहरू

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## तथ्यांकोवाच

### चालू आर्थिक वर्षको १० महीनामा नेपालबाट रू. १ करोड ४९ लाख बराबरको च्याउ निर्यात

नेपालको च्याउ निर्यातमा देशगत विविधता देखिन थालेको छ । चालू आर्थिक वर्षको वैशाख महीनामा नेपालबाट रू. १ करोड ४९ बराबरका यी वस्तु निर्यात भएबाट यी वस्तुको निर्यातमा विशेष रणनीति अंगीकार गरी निर्यातमा अझ वृद्धि गर्नु आवश्यक देखिन्छ ।

नेपालबाट आर्थिक वर्ष २०८१/८२को पहिलो १० महीनामा च्याउ निर्यात

| देश | परिमाण केजी | मूल्य रू हजारमा | प्रतिकेजी मूल्य रू |
|---|---|---|---|
| चीन | ४६९० | १३५६ | २८९.०९ |
| फ्रान्स | १५४० | ८३२१ | ५,४०३.२० |
| हङकङ | १३३३ | ४८१ | ३६१.१७ |
| भियतनाम | १५३६२ | ४७८३ | ३११.३३ |
| कुल | २२९२५ | १४९४१ | ६५१.७३ |

*स्रोत : भन्सार विभाग*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर